सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ फागुन २०८०, शुक्रबार (16 Feb 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २९८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ ललितानिवासको १३६ रोपनी जग्गा घोटाला

पूर्वमन्त्री र अख्तियारका पूर्वप्रमुख भ्रष्टाचारी ठहर

नौ अर्ब आठ करोडको बिगोदाबीसहित पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वसचिव र अख्तियारका पूर्वप्रमुख आयुक्तसहित १७५ लाई प्रतिवादी बनाएर अख्तियारले २२ माघ ०७६ मा विशेष अदालतमा दर्ता गरेको मुद्दामा अधिकांश दोषी ठहर, राजनीतिक नेतृत्वलाई भने सफाइ

■ १३६ रोपनी जग्गा जफत हुने

विशेष अदालतका न्यायाधीशहरू



खुसीप्रसाद थारू | रामबहादुर थापा | रितेन्द्र थापा

ललितानिवास क्याम्पको सबै जग्गा सरकारको हुनेसमेत विशेष अदालतको ठहर छ। पछि जग्गा खरिद गरेका ६५ जनाको पनि जग्गा जफत हुने विशेष अदालतको फैसलामा उल्लेख छ। यसअघि नै मालपोत कार्यालयले सो जग्गा सरकारको नाममा ल्याउने प्रक्रिया अघि बढाएकोमा सर्वोच्च अदालतले फैसला नभएसम्म यथास्थितिमा राख्न आदेश दिएको छ। विशेषको फैसलासँगै १३६ रोपनी जग्गा सरकारको नाममा ल्याउन बाटो खुलेको छ।

शिल्पा कर्ण/नयाँ पत्रिका

१७५ जना प्रतिवादी रहेको बहुचर्चित ललितानिवास सरकारी जग्गा भ्रष्टाचार मुद्दामा विशेष अदालतले चार वर्षपछि फैसला दिँदै पाँच दर्जनभन्दा बढीलाई दोषी ठहर गरेको छ। न्यायाधीशहरू खुसीप्रसाद थारू, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले बिहीबार गरेको फैसलामा राजनीतिक अनुहारले भने उन्मुक्ति पाएका छन्।

भाटभटेनी सुपरमार्केट सञ्चालक व्यवसायी मीनबहादुर गुरुङसमेतले अनधिकृत मोही खडा गर्न भूमिका खेलेको विशेषको ठहर छ। प्रतिवादीहरूको बयानसमेतबाट खुलेअनुसार गुरुङ, रामकुमार सुवेदी र शोभाकान्त ढकाल नक्कली मोही खडा गरी सरकारी जग्गा सट्टाभर्ना गर्ने-गराउने कार्यमा संलग्न देखिएको फैसलामा उल्लेख छ। उनीहरूले आफ्नो र आफन्तको नाममा राजीनामा

» पृष्ठ २ मा क्रमशः



भूमिसुधारसचिव रहँदा छविराज पन्त यससम्बन्धी निर्णयमा संलग्न थिए। अवकाशपछि उनी खिलराज रेग्मी नेतृत्वको सरकारमा भौतिक योजनामन्त्री बनेका थिए।



भौतिक पूर्वाधारसचिव हुँदा दीप बस्न्यात जग्गा हिनामिनामा जोडिएका हुन्। अवकाशपछि उनी अख्तियारको प्रमुख आयुक्त बनेका थिए।

अख्तियारकै पूर्वप्रमुख इतिहासमा पहिलोपटक भ्रष्टाचारी ठहर

भ्रष्टाचारको अनुसन्धान र अभियोजन गर्ने संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगकै पूर्वप्रमुख ललितानिवास भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन्। पूर्वप्रमुख आयुक्त दीप बस्न्यातलाई विशेष अदालतले दोषी ठहर गरी दुई वर्ष कैद र ८० लाख ४८ हजार जरिवानाको सजाय तोकेको छ। अख्तियारकै पूर्वप्रमुख भ्रष्टाचारमा दोषी ठहर भएको यो पहिलो घटना हो। यसअघि अख्तियारका पूर्वआयुक्त राजनारायण पाठक घुसकाण्डमा दोषी ठहर भइसकेका छन्। बस्न्यात ०६६ मा भौतिक मन्त्रालयको सचिव रहँदा ललितानिवास क्याम्पको जग्गा हिनामिनासम्बन्धी निर्णयमा संलग्न थिए। बालुवाटारस्थित विशिष्ट व्यक्तिको निवास विस्तारका नाममा त्यतिबेला ललितानिवास क्याम्पको १९ रोपनी १५ आना एक पैसा एक दाम जग्गा हिनामिना भएको थियो। '...मोहीको नाममा जग्गा सट्टाभर्ना गर्ने प्रक्रियामा बदनियतपूर्ण अपारदर्शी तवरले भूमिसम्बन्धी ऐन, २०२१ तथा जग्गा प्राप्ति ऐन, २०३४ का आज्ञात्मक प्रबन्धहरू छली कानुनको सर्वोच्चताविपरीत मन्त्रिपरिषद्बाट निर्णय गराई प्रचलित कानुनमा तोकिएका ओहोदाको दुरुपयोग गरेको' फैसलामा उल्लेख छ। सोही आधारमा बस्न्यातसहित पूर्वसचिव पन्त, कर्मचारीहरू प्रेमबहादुर खापुङ, अर्जुन खतिवडा, शंकरप्रसाद सुवेदी, अंगुर सिम्देल, केदारप्रसाद श्रेष्ठ, हरिकृष्ण तिमल्सिना, परशुराम पोखेल, कृष्णप्रसाद पौडेल, प्रकाश भट्ट र टंक पौडेललाई दोषी ठहर गरिएको छ। जसमा जनही दुई वर्ष कैद र ८० लाख ४८ हजार जरिवानाको फैसला भएको छ। उनीहरूविरुद्ध नौ करोड ६५ लाख ७६ हजार रुपैयाँबराबरको बिगो कायम गरिएकोमा दामासाहीका हिसाबले १२ जनाबाट जरिवाना असुल गर्ने फैसला भएको हो।

तीन योजनाकारबाट एक अर्ब ३१ करोड असुल्न र दुई-दुई वर्षको जेलसजाय माग

तर, थोरै जरिवानाको फैसला



रामकुमार सुवेदी



शोभाकान्त ढकाल



मीनबहादुर गुरुङ

ललितानिवास जग्गा हिनामिनाका नाइकेका रूपमा अख्तियारले दायर गरेको मुद्दामा रामकुमार सुवेदीसँग ५२ करोड ५१ लाख ४० हजार तथा शोभाकान्त ढकाल र मीनबहादुर गुरुङसँग जनही ३९ करोड २७ लाख ६८ हजार बिगोदाबी माग गरिएको थियो। उनीहरू तीनैजनाविरुद्ध दुई-दुई वर्षको जेलसजायको माग थियो। तर, बिहीबार विशेष अदालतले सुनाएको फैसलामा जेलसजाय दुई-दुई वर्ष तोकिए पनि जरिवाना भने न्यून गरिएको छ। गुरुङलाई ८० लाख ४८ हजार जरिवाना भएको छ भने उनको कम्पनी भाटभटेनी सुपरमार्केटलाई प्रतिवादी बनाइएको अर्को कसुरमा जग्गा जफत हुने मात्र फैसला भएको छ। ढकाल र सुवेदीलाई विशिष्ट व्यक्तिको निवास विस्तारसम्बन्धी भ्रष्टाचारमा ८० लाख ४८ हजार र जफतको जग्गा अधिग्रहणको व्याख्या गरी फिर्ता गरेका अभियोगमा ७५ लाखका दरले जनही एक करोड ५५ लाख ४८ हजार रुपैयाँ जरिवाना भएको छ।

०६६ मा भौतिक योजना मन्त्रालयले प्रधानमन्त्रीनिवास विस्तारको नाममा मोहीलाई जग्गा दिने प्रस्ताव मन्त्रिपरिषद्मा लगेको थियो। दीप बस्न्यात मन्त्रालयका सचिव र विजयकुमार गच्छदार मन्त्री थिए। तत्कालीन मन्त्रिपरिषद्कै संलग्नतामा चार चरणमा गरेर ललितानिवास क्यापभित्रको जग्गा व्यक्तिको नाममा लगिएको थियो। सरकारले ०२२ मा अधिग्रहण गरेको जग्गालाई जफत गरिएको गलत व्याख्या गरेर एक सय १४ रोपनी सुवर्णशमशेरका छोराहरूले लिएका थिए। बाँकी नक्कली मोही खडा गरेर, जग्गा दर्ता र प्रधानमन्त्रीनिवास विस्तार योजनाका नाममा हिनामिना गरिएको थियो। यी सबै काममा ढकाल र सुवेदी सहभागी थिए। उनीहरूलाई व्यवसायी गुरुङले आर्थिक लगानी गरेको अख्तियारको दाबी थियो।

■ राजनीतिक नेतृत्वलाई उन्मुक्ति



विजय गच्छदार



डम्बर श्रेष्ठ



चन्द्रदेव जोशी

मन्त्रिपरिषद्बाट सामूहिक रूपमा भएका निर्णयहरूलाई नीतिगत निर्णय मानिने हुँदा अख्तियारले आफ्नो क्षेत्राधिकारभित्र नपर्ने कारण देखाउँदै तत्कालीन प्रधानमन्त्रीहरूलाई मुद्दा नै चलाएको थिएन। यद्यपि, तत्कालीन मन्त्रिपरिषद्का तीन मन्त्री भने प्रतिवादी थिए। यसमा तत्कालीन भूमिसुधारमन्त्रीहरू विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ र चन्द्रदेव जोशीलाई प्रतिवादी बनाइएको थियो। उनीहरू तीनैजनाले सफाइ पाएका छन्। अख्तियारले पूर्वउपप्रधानमन्त्री गच्छदारविरुद्ध १३ वर्ष जेल र नौ करोड ६५ लाख ७६ हजार बिगोदाबी गर्दै मुद्दा दायर गरेको थियो। त्यसैगरी तत्कालीन जोशी र श्रेष्ठविरुद्ध पनि १३-१३ वर्ष जेलसजाय र बिगोदाबी क्रमशः जोशीलाई सात करोड आठ लाख ४८ हजार र श्रेष्ठलाई नौ करोड ६५ लाख ७६ हजार गरिएको थियो ।

मन्त्रालयबाट कुनै एकल निर्णय गरेको दाबी नदेखिएको तथा मन्त्रिपरिषद्को सामूहिक निर्णयमा हस्ताक्षर गर्नेमा कुनै एकजना मन्त्रीलाई मात्र मुद्दा दायर गर्ने क्षेत्राधिकार पुग्ने भन्न नमिल्ने आधारमा उनीहरूले सफाइ पाएका हुन्। मन्त्रिपरिषद्मा प्रस्ताव पेस मात्र गरेको आधारमा उनीहरूको बदनियत पुष्टि नहुने भएकाले गच्छदार र डम्बर श्रेष्ठविरुद्धको दाबी पुग्न नसक्ने फैसलामा छ। यस मुद्दामा सचिव दिनेशहरि अधिकारीले मन्त्रिपरिषद्को निर्णयबमोजिम परिवर्तित सन्दर्भमा पुनः प्रस्ताव पेससम्म गरेको तथा तत्कालीन मन्त्री चन्द्रदेव जोशीले मन्त्रिपरिषद्मा पेस गरेकोसम्म देखिएकाले बदनियत पुष्टि हुन नसकेको विशेषको ठहर छ। उनीहरू दुवैले सफाइ पाएका छन्।

■ जग्गा फिर्ता गर्ने सर्तमा न्यायाधीश कुमार रेग्मी र नेता विष्णु पौडेलका छोरालाई पहिला नै उन्मुक्ति



न्यायाधीश कुमार रेग्मी र विष्णु पौडेलका छोरा नवीनले जग्गा फिर्ता गर्ने बताएकाले मुद्दा नचलाउने निर्णय भएको अख्तियारको निर्णय थियो। तर, जग्गा किनेका ६५ सर्वसाधारणको भने जग्गा जफत गर्न मुद्दा चलेको थियो।

कपिलवस्तु बस दुर्घटना

१० को मृत्यु, कञ्चनपुरका मात्रै सात



कपिलवस्तुमा **डिलाराम भुसाल**

कपिलवस्तुको शिवराज नगरपालिका- १ सुरही खोलामा रात्रिबस दुर्घटना हुँदा १० जनाको मृत्यु भएको छ। ३० यात्रु घाइते भएका छन्। यात्रु निद्रामा रहेका वेला बुधबार मध्यरात करिब १ बजेतिर दुर्घटना भएको हो। बस बुधबार दिउँसो साढे २ बजे महेन्द्रनगरबाट छुटेको थियो।

» पृष्ठ २ मा क्रमशः

- दुर्घटनामा मृत्यु भएका कञ्चनपुरको पुनर्वास नगरपालिका- ९ बिचफाँटाका किसन भट्ट र उनकी श्रीमती विमलादेवी भट्ट काठमाडौंमा रहेकी कान्छी छोरी सावित्रा भट्टलाई भेट्न हिँडेका थिए।
- सन्तानको भविष्य कोर्न वैदेशिक रोजगारीका लागि काठमाडौं हिँडेका भीमदत्त नगरपालिका- १ बाराकुण्डाका राहुलराम कामी बीचबाटोमै अस्ताए। उनका श्रीमतीसहित दुई छोराछोरी छन्।

■ सडकको वर्गीकरण गरेर मात्र सार्वजनिक सवारी चलाउन दिन गृहको निर्देशन

दूर्घटना न्यूनीकरणका लागि ट्राफिक नियम पालनामा कडाइ र जोखिमयुक्त सडकमा सार्वजनिक यातायात सञ्चालन रोक्न गृह मन्त्रालयले ७७ जिल्लाकै सिडिओ र प्रहरीलाई निर्देशन दिएको छ। दैनिकजसो भइरहेका सडक दुर्घटनाबाट जनधनको ठूलो क्षति भएकाले पाँचबुँदे परिपत्र गरिएको गृहका सहायक प्रवक्ता एकदेव अधिकारीले बताए। सडक सञ्जालको वर्गीकरण गर्ने, जोखिम क्षेत्र पहिचान गर्ने, ट्र्याक मात्र खुला भएको कच्ची तथा सवारीसाधन चलाउन उपयुक्त नभएका सडकमा सार्वजनिक/ठूला सवारीसाधन सञ्चालन सम्बन्धमा स्थानीयस्तबाट समन्वय गरी आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्ने परिपत्रमा उल्लेख छ। त्यस्तै, चालकको लापरबाही न्यूनीकरणका लागि प्रहरी चेकजाँच, निरीक्षणलगायत भए-नभएको सम्बन्धमा सिडिओ तथा जिल्ला प्रहरी प्रमुख स्वयंले निगरानी गर्न परिपत्रमा भनिएको छ। दुर्घटना न्यूनीकरणका लागि भएका कामको विवरण तीन-तीन महिनामा सबै सिडिओले गृह मन्त्रालयमा पठाउन भनिएको छ।

NIC ASIA एन आई सी एशिया बैंक लि.

* हार्दिक आभार *

सबै सरोकारवालाहरुको पहिलो रोजाईको बैंक बन्ने संकल्पका साथ शुरु भएको हाम्रो अनवरत सहयात्राको फलस्वरुप देशकै सबैभन्दा सहज, सबल, गतिशिल, विश्वसनीय र उत्तरदायी बैंक बन्दै वाणिज्य बैंकहरुमध्ये उत्कृष्ट बैंक मध्येमा पर्न हामी सफल भएका छौं। यस दौरानमा हामी प्रति अगाध स्नेह एवम् भरोसा दर्शाई सबैको **"बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि"** बन्न अतुलनिय योगदान दिनु हुने हाम्रा समस्त ग्राहकवर्ग, नियमनकारी निकायहरु, शेयरधनीहरु, कर्मचारीहरु, लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति अत्यन्त अनुग्रहित हुँदै सादर नमन गर्दछौं। मुलुकको अर्थतन्त्रमा देखिएको शिथिलताको बाबजुद वित्तीय क्षेत्रमा आज हामी जहाँ छौं, जे छौं र जस्तो आकारको छौं त्यसको सम्पूर्ण श्रेय यहाँहरुलाई नै जान्छ। साथै आगामी दिनहरुमा अझ विश्वस्तरीय, अत्याधुनिक, प्रविधिमैत्री, ग्राहकमैत्री तथा अनुकरणीय अनुभव सहितको बैंकिङ्ग सेवा एवम् सुविधाहरु प्रदान गर्दै सबै सरोकारवालाहरुको पहिलो रोजाईको बैंक बन्नको लागि सबै सरोकारवालाहरुको हित संरक्षण र संवर्द्धन गर्न मन, वचन र कर्मले अहोरात्र खटिरहने अठोट गर्दछौं।

यस आर्थिक वर्षको पौष मसान्तसम्म आइपुग्दा निम्न प्रमुख वित्तीय परिसूचकहरुमा हाम्रो उपलब्धी देहाय बमोजिम रहेको छ ।

परिसूचक	समग्र वाणिज्य बैंकिङ्ग क्षेत्रको औसत (एन आई सी एशिया बैंक बाहेक)	एन आई सी एशिया बैंक	समग्र वाणिज्य बैंकिङ्ग क्षेत्रको औसत भन्दा एन आई सी एशिया बैंकको बढी	
			फरक	प्रतिशत
कुल कर्जा (रु. दश लाखमा)	२२०,४५७	३०२,६५६	८२,१९९	३७%
कुल निक्षेप (रु. दश लाखमा)	२६५,७००	३८१,३२७	११५,६२७	४४%
वासलातको आकार (रु. दश लाखमा)	३२४,३७२	४३३,६१२	१०९,२३४	३४%
कुल बचत तथा चल्ति निक्षेप (कासा) (रु. दश लाखमा)	९४,०२७	१३२,७१४	३८,६१७	४१%
प्रति शेयर आम्दानी (रु.)	१५.०४	२५.५२	१०.५६	७०%
प्रति शेयर नेटवर्थ (रु.)	१७८.९४	२०५.१०	२६.१६	१५%
स्व:पूँजीमा प्रतिफल (प्रतिशत)	८.४५	१२.७३	४.२८	५१%
निष्क्रिय कर्जा अनुपात (प्रतिशत)	३.८१	१.१२	(२.६२)	६२% कम
ग्राहक संख्या	२,२००,१७३	४,१०७,७५८	१,२०७,५८५	८७%
शाखा संख्या	२०२	३६०	१५१	७२%
विस्तारित काउन्टर संख्या	३०	१११	८१	२६२%
एटिएम संख्या	२११	६७०	४५२	२१८%
डेविट कार्ड प्रयोगकर्ता	५१५,३८२	१,२४४,१२६	१,४२८,७३७	२७७%
मोबाईल बैंकिङ्ग प्रयोगकर्ता	२१२,१२४	२,५४१,८२२	१,६२२,६२८	१७७%
प्रति शेयर बजार मुल्य (रु.) (फाल्गुण ३ गते)	२३२	४३३	२०१	८७%
बजार पूँजीकरण (रु. दश लाखमा) (फाल्गुण ३ गते)	४४,२१३	६४,५२३	२०,३८०	४६%

त्यसैगरी बैंकको तरलता अनुपात २७.२८ प्रतिशत र कर्जा-निक्षेप अनुपात ७७.१८ प्रतिशत रहेको र डिजिटल बैंकिङ्ग कारोवार तर्फ No. of Transaction, Transaction Volume, Customer Base, Digital Transaction Ratio लगायतका परिसूचकहरुमा पनि बैंक सर्वोत्कृष्ट बन्न सफल भएको छ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

कांग्रेस महासमिति बैठकका लागि उपसभापति र महामन्त्रीद्वयका प्रस्ताव



पाँच वर्ष अहिलेकै गठबन्धन, ०८४ मा एक्लै चुनावी मैदानमा

माओवादीको नयाँ विधान पारित

१९९ सदस्यीय केन्द्रीय समिति, त्यसको एकतिहाइ स्थायी समिति र ११ सदस्यीय पदाधिकारी, आयोगहरू १५ सदस्यीय

(विस्तृत पृष्ठ ३)


NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

बलिउड फिल्म 'डंकी'को नक्कल गर्दै मानव तस्करी

टेकराज थामी/नयाँ पत्रिका

बलिउड अभिनेता साहरुख खान अभिनीत सिनेमा 'डंकी'मा विकट गाउँका भारतीय युवा गैरकानुनी बाटो हुँदै बेलायत पुगेको कथालाई मार्मिक ढंगले चित्रण गरिएको छ। सोही सिनेमाको कथाकै शैलीमा अमेरिका हिँडेका ११ भारतीय युवालाई प्रहरीले काठमाडौंबाट उद्धार गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार उनीहरूलाई भारत पञ्जाब मुगाकी बलजित कौरको योजनामा नेपाल ल्याइएको थियो। उनीहरूलाई १५ दिनदेखि काठमाडौं महानगरपालिका- ९ रातोपुलस्थित एक घरमा बन्धक बनाई राखिएको थियो। बन्धकमध्ये राकेश कुमार, आशिष कुमार, गुरुप्रित सिंह र कुलदीप सिंहसँग तस्करले प्रतिव्यक्ति तीन-तीन हजार अमेरिकी डलर असुलिसकेका थिए। बाँकी गुन्दिर सिंह, सुभास कुमार, प्रतीक, मानवीर सिंह, जगदीप सिंह, अर्का गुरुप्रित सिंह र भूपेन्द्र सिंहको परिवारबाट प्रतिव्यक्ति ४५-४५ लाख भारतीय रुपैयाँ असुलेका थिए। तस्करले उनीहरूबाट काठमाडौंमा पनि प्रतिव्यक्ति तीन-तीन हजार अमेरिकी डलर असुलेका थिए।



भारत पञ्जाब मुगाकी बलजित कौर। उनकै इसारामा नेपाल ट्रन्जिट हुँदै भारतीय नागरिक तस्करी हुँदै आएको अनुसन्धानबाट खुलेको छ। उनको समूहका आठजना पक्राउ परेका छन्।

■ रातोपुलमा भाडाको घरको कोठाभित्रै 'भिएफएक्स'बाट नक्कली मेक्सिको तयार

बन्धकमध्येका पञ्जाब हन्देसाराका भूपेन्द्र सिंहले भने, 'यिनीहरूले हामीलाई अमेरिका लैजाने भनेर नेपाल ल्याए। हामीमध्ये सातजनाको परिवारबाट प्रतिवक्ति ४५-४५ लाख भारु असुलिसकेका छन्। त्यसबाहेक हामीबाट

» पृष्ठ २ मा क्रमशः

कपिलवस्तुमा...

पृष्ठ १ बाट क्रमशः

दुर्घटनामा सात पुरुष र तीन महिलाको ज्यान गएको छ। जसमध्ये सातजना कञ्चनपुरका हुन्। त्यसमा पनि पाँचजना एउटै नगरपालिकाका रहेको प्रहरीले जनाएको छ। कञ्चनपुरको महेन्द्रनगरबाट काठमाडौंका लागि छुटेको सुनौलो महाकाली यातायातको सुप प्र ०२-००१ ख ००९८ नम्बरको बस राजमार्गबाट सुरही खोलामा खसेको थियो। दुर्घटनाको कारण खुल्न सकेको छैन।

दुर्घटनामा भीमदत्त नगरपालिका-१ का २७ वर्षीय राहुलराम कामी, वडा नम्बर २ का सुदीप भट्ट, वडा नम्बर ४ का २४ वर्षीय उमेश भण्डारी, वडा नम्बर ११ भुजेलाकी सञ्जु थापा र भीमदत्तको बाह्रकुण्डीकी खगेश्वरी खातीको मृत्यु भएको छ। सञ्जुकी आमा नारायणी थापा घाइते छिन्। उनको बुटवलमा उपचार भइरहेको छ। त्यस्तै, पुनर्वास नगरपालिका-९ बिचफाँटाका विमलादेवी भट्ट र उनका श्रीमान् किसन भट्टको पनि मृत्यु भएको छ। पुनर्वास- ९ का वडाध्यक्ष नरबहादुर विकले भट्टद्वय दम्पती रहेको र उनीहरू काठमाडौंमा छोरीको घर जाने क्रममा दुर्घटनामा परेको जनाए। रौतहटको औरही नगरपालिका-३ का ४६ वर्षीय नारायणबहादुर भण्डारी, सल्यान घर भई नेपाली सेनाको कालीजंग गण गोरुसिंगेमा कार्यरत अर्जुनकुमार योगी र भारतको उत्तर प्रदेश मुरदाबादका सकिल मुसलमानको पनि ज्यान गएको छ।

जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका इन्स्पेक्टर नवरत्न पौडेलका अनुसार दुर्घटनामा घाइते भएका नौजनालाई बुटवल पठाइएको छ। साथै, अरू घाइतेको स्थानीय अस्पतालमा उपचार गरिएको छ।

पूर्वमन्त्री र अख्तियारका...

पृष्ठ १ बाट क्रमशः

रजिस्ट्रेसन गरेको देखिएको अवस्था हुँदा सट्टाभर्नाको गैरकानुनी कार्यबाट लाभ लिएको भन्दै जनही दुई वर्ष कैद र बिगोबमोजिम ८० लाख ४८ हजार जरिवाना हुने फैसला सुनाएको छ। २२ माघ ०७६ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाएकोमा जिल्ला अदालतका न्यायाधीश गौतमलाई नचलाइएपछि एक सय ७४ प्रतिवादी थिए। यसमध्ये ६५ जनालाई जफत प्रयोजनका लागि प्रतिवादी बनाइएको थियो। २ माघबाट यो मुद्दालाई हेर्दाहिँदैमा राखेर विशेषले सुनुवाइ गरिरहेकोमा एक महिनापछि फैसला आएको हो।

गृहको प्रतिवेदनविना मालपोतबाट निर्णय गरी नातेदारलाई बकसपत्र

अधिकार नै नभएको विषयमा मालपोतका कर्मचारीहरूले जग्गा बकसपत्र गर्ने निर्णय गरेको भेटिएपछि विशेषले उनीहरूलाई पनि दोषी ठहर गरेको छ। मन्त्रिपरिषद्ले ०४७ का १४ जेठ, ८ साउन र ४ भदौ गरी तीनपटक जफत भएका जग्गाहरूको विषयमा निर्णय गरेको थियो। जसमा प्रजातन्त्र पुनर्स्थापनाका लागि भएका आन्दोलनको क्रममा विभिन्न व्यक्तिहरूको हरण भएको सम्पत्तिको विषयमा गृह मन्त्रालयले छानबिन गर्ने र त्यसको प्रतिवेदनअनुसार जग्गा फिर्ता गर्ने निर्णय भएका थिए। यी निर्णय कार्यान्वयनका लागि मालपोत कार्यालय डिल्लीबजारले चार निर्णय गरेको थियो। तर, ती निर्णय अधिकारभन्दा बाहिर गएर गरेको देखिएको विशेषको निष्कर्ष छ।

'गृह मन्त्रालयको प्रतिवेदनलाई आधार लिएको नदेखिएको, मन्त्रिपरिषद्को निर्णयमा जग्गा फिर्तालगायतका सम्पूर्ण कार्यहरू गर्ने भनी मालपोत कार्यालयलाई अधिकार प्रदान गरेको नदेखिएको अवस्थामा गृह मन्त्रालयको प्रतिवेदनबेगर नै सुवर्णशमशेरका हकवालाहरूसमेतको उक्त जग्गाहरू अधिग्रहण गरेको नभई जफत भएको हो भनी आफैं निष्कर्षमा पुगी बदनियतपूर्वक मन्त्रिपरिषद्को निर्णयको आवरणमा प्रतिवादीहरूले सरकारी जग्गा व्यक्तिहरूको नाममा दर्ता गरेको देखिएको,' विशेषको फैसलमा छ।

उक्त जग्गा दर्ता नामसारीपश्चात् केही जग्गा कलाधर देउजाले साढुभाइ, सुरेन्द्रमान कपालीले भतिजाबुहारी र युक्तप्रसाद श्रेष्ठले श्रीमतीका नाममा पुऱ्याएको ठहर भएको छ। देउजा तत्कालीन प्रमुख मालपोत अधिकृत हुन् भने कपाली मालपोत अधिकृत हुन्। श्रेष्ठ भने उक्त कार्यालयका खरिदार थिए।

त्यस्तै, भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशक मुकुन्दप्रसाद आचार्यले छोरीज्वाईंका नाममा बकसपत्र गरेको भेटिएको थियो। यसरी उनीहरूले मुख्य कसुरमा मतियार भई काम गरेको ठहर गर्दै विशेषले देउजा, कपाली, श्रेष्ठ, आचार्य र नायवसुब्बा जगतप्रसाद पुडासैनीलाई मुख्य कसुरदार ठहर गरेको छ। प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ मा उल्लिखित राष्ट्रिय वा सार्वजनिक वा आफ्नो जिम्मामा रहेको सम्पत्तिको हिनामिना, हानिनोक्सारी वा दुरुपयोग गर्ने वा मास्नेलाई दण्ड-सजाय हुने व्यवस्था उक्त दफाले गरेको छ।

यस कार्यमा मुख्य मतियार रामकुमार सुवेदी र शोभाकान्त ढकाललाई जग्गा नामसारी दाखिल खारेज गरिलिनेमा सुनीति राणा, शैलजा राणा, हेमनशमशेर, हाटकशमशेर र रुक्मशमशेर ठहर भएका छन्। तर, उनीहरू सातजनालाई मुख्य कसुरदारभन्दा आधा सजाय नदिई पूरा सजाय नै भएको छ। उनीहरूले 'मुख्य कसुरदारलाई कसुर गरेबापत नगदी, जिन्सी वा अन्य सुविधा उपलब्ध गराएको' ठहरसहित मुख्य कसुरदारसरह नै सजाय भएको हो।

त्यस्तै, सुनीति, शैलजा, हेमन, हाटक र रुक्मका नाममा कायम रहेको जग्गा भ्रष्टाचारबाट प्राप्त भएका कारण ती सबै जफत हुने फैसलामा छ। साथै, अख्तियारले सरकारी जग्गाहरू खरिद गरिलिएका, मोहीको हैसियतमा जग्गा बाँडफाँटमार्फत लिएका, राजीनामा वा बकसबाट प्राप्त गरिलिएका ६५ जनाबाट पनि जग्गा जफतको फैसला गरेको छ। उनीहरू १२ जनालाई नै नौ करोड रुपैयाँको दामासाहीले हुन आउने ७५ लाख रुपैयाँ जरिवाना र जनही दुई-दुई वर्ष कैद हुने ठहर गरेको छ। उनीहरूले जग्गा फिर्ता गराउने कार्यमा रामकुमार सुवेदी र शोभाकान्त ढकालसँग गैरकानुनी लाभ लिएकोसमेत अदालतले जनाएको छ।

प्रमाणबेगर राणाका नाममा जग्गा दर्ता

ललितानिवास क्याम्पभित्रको सरकारले अधिग्रहण गरेको जग्गामध्ये केही सुनीति राणाको नाममा भेटिएको थियो। यसमा श्यामकुमार क्षेत्रीले फाइल पेस गरी श्रीहरि पुडासैनीले अधिकृतसमक्ष पेस गरेको भेटिएको थियो। डिल्लीबजारका तत्कालीन मालपोत अधिकृत टीकाराम घिमिरे, मालपोत अधिकृत हुपेन्द्रमणि केसी र नापी अधिकृत मोहम्मद साबिर हुसेनको छुट जग्गा दर्ता समितिले सिफारिस गरेपछि राणाका नाममा जग्गा दर्ता भएको थियो।

यसमा मालपोतका कर्मचारीहरूले मुख्य कसुरदार र राणाले मतियारसरह कसुर गरेको विशेषको ठहर छ। जसमा ४२ लाख रुपैयाँ भ्रष्टाचार भएको ठहरसहित विशेषले उनीहरू ६ जनालाई नै जनही सात लाख रुपैयाँ जरिवाना तथा ६-६ महिना कैद हुने फैसला सुनाएको छ। हेमाद्रीशमशेरलाई भने सफाइ दिइएको छ।

पशुपति टिकिन्छा गुठी भए पनि ललितानिवासभित्र छैन

पशुपति टिकिन्छा गुठी नामक झुटा गुठी खडा गरिएको भन्ने अख्तियारको दाबीविपरीत विशेषले गुठीको अस्तित्व स्विकारेको छ। तर, ललितानिवासभित्र उक्त गुठीको अस्तित्व नरहेको ठहर फैसलामा छ।

यसरी गुठी कायम गरी मोहीको हकवाला दाबी गर्ने व्यक्तिका नाममा श्रेस्तापुर्जा कायम गरी पुर्जा दिनेहरू दोषी ठहर भएका छन्। जसमा गुठी संस्थान त्रिपुरेश्वरका मुख्य अधिकृत हरिबोल आचार्य, संस्थानको तहसिल कार्यालयका वरिष्ठ सहायक रामेश्वर बिडारी, गुठी प्रशासक सेवन्तराज चापागाईं, सहप्रशासक हेमराज सुवेदी, भूमिसुधार मन्त्रालयका सहसचिव तेजराज पाण्डे, गुठीका सहायक प्रशासक तुलसी पोखरेल, उपप्रशासक हरिप्रसाद जोशी, गुठी प्रशासक बलिरामप्रसाद तेली, कामु गुठी प्रशासक दिलीपकुमार भट्ट, सहायक नवराज पौडेल, उपप्रशासक जयप्रसाद रेग्मी, सहायक प्रशासक शैलेन्द्र पौडेल, डिल्लीबजार मालपोतका नासु फणिन्द्रप्रसाद दाहाल, नासु मणिकुमार राना, शाखा अधिकृत बद्रीबहादुर कार्की, उपसचिव लक्ष्मीनारायण उप्रेती, प्रमुख मालपोत अधिकृत दिनेशप्रसाद शर्माले गुठीका नाममा भ्रष्टाचार गरेको ठहर भएको छ।

उनीहरूलाई जनही एक-एक वर्ष कैद तथा कुल बिगो सात करोड आठ लाख रुपैयाँको जनही हुन आउने रकम जरिवाना तोकिएको छ। साथै गुठीको जग्गा नेपाल सरकारको स्वामित्वमा आउने गरी जफत हुने निर्णय इजलासले गरेको छ।

जग्गा बकस लिने कर्मचारीका आफन्त मतियार ठहर

जग्गा कमिसनका रूपमा बकस लिने कर्मचारीका १३ आफन्त तथा बिचौलियाका दुई सहयोगीलाई पनि सजाय भएको छ। मतियारका रूपमा उनीहरूलाई अदालतले दोषी ठहर गरेको हो। जसमा इन्द्रबहादुर थापा क्षेत्री, शान्ति मल्ल प्रधानांग, मिठुदेवी चापागाईं, सरस्वतीकुमारी श्रेष्ठ, निर्मलादेवी श्रेष्ठ, मोहनप्रसाद भट्टराई, वैकुण्ठ शर्मा रेग्मी, खिमादेवी आङबुहाङ, शशिकला सुब्बा, विद्या पौडेल गौतम, सोदाकुमारी चापागाईं, भुवनकुमारी चापागाईं, उर्मिला शाह, रामनाथ घिमिरे र रामकल्याण अधिकारी छन्।

अख्तियारले उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५८ को दफा ८ (४) बमोजिमको मागदाबी लिएकामा अदालतले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(क) बमोजिम मुख्य प्रतिवादीलाई नै हुने सजायबराबर दुई वर्ष कैद र बिगो बमोजिम जरिवानाको फैसला गरेको हो। उनीहरूमध्ये उर्मिला पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाहकी श्रीमती हुन्। उनले पाँच रोपनी दुई पैसा दुई दाम जग्गा बकसस्वरूप लिएकी थिइन्। सुधीरविरुद्ध भने अख्तियारले मुद्दा चलाएको थिएन।

मालपोत विभागका पूर्वमहानिर्देशक मुकुन्दप्रसाद आचार्यले ज्वाईं वैकुण्ठ शर्मा रेग्मीको नाममा एक रोपनी, प्रेमबहादुर खापुङले श्रीमती खिमादेवी आङबुहाङ तथा सालोकी श्रीमती शशिकला सुब्बाको नाममा तीन रोपनी एक आना दुई पैसा जग्गा लिएका थिए। त्यतिबेला अधिकृत रहेका र पछि सहसचिवबाट अवकाश पाएका गेहनाथ भण्डारीले श्रीमती भुवनकुमारी चापागाईं र सासू सोदाकुमारी चापागाईंको नाममा १० आना लिएका थिए। केही जग्गा सुधीर शाहपत्नी उर्मिला र भुवनकुमारीको नाममा संयुक्त नाममा समेत पास भएको थियो। मालपोत अधिकृत धर्मराज गौतमले सालीका छोरा मोहनप्रसाद भट्टराईको नाममा खिमा र शशिकला सुब्बासँग संयुक्त रूपमा लिएको अभियोग थियो।

जगत पुडासैनीले दिदी मिठुदेवी चापागाईंका नाममा चार रोपनी दुई आना लिएका थिए। कलाधर देउजाले साढुभाइ इन्द्रबहादुर थापाको नाममा लिए। उनले मिठुदेवी चापागाईंसँगको संयुक्त नाममा पास गरेका थिए। सुरेन्द्रमान कपालीले पनि भतिजाबुहारी शान्तिदेवी प्रधानांगको नाममा मिठुदेवीसँगै संयुक्त रूपमा जग्गा लिएका थिए। युक्तप्रसाद श्रेष्ठले बहिनीको नाममा एक रोपनी १३ आना तथा श्रीमती सरस्वतीको नाममा मिठुदेवीसँग संयुक्त रूपमा लिएका थिए। समरजंग कम्पनीका सहलेखापाल विनोद पौडेलले श्रीमती विद्या पौडेल गौतमको नाममा १४ आना बकस पाएका थिए। बिचौलिया रामकल्याण अधिकारीले दुई रोपनी १२ आना तथा रामनाथ घिमिरेले तीन रोपनी चार आना लिएका थिए। उनीहरूविरुद्ध पनि प्रहरीले किर्तेसम्बन्धी छुट्टै मुद्दा दायर गरेको छ।

५७ मोहीलाई पनि जनही दुई वर्ष कैद

यो मुद्दामा ५७ मोही पनि दोषी ठहर भएका छन्। उनीहरूलाई दुई वर्ष कैद र बिगोबराबर जरिवाना भएको छ। केही मोहीलाई जग्गा जफतको प्रयोजनका लागि मागदाबी लिइएको थियो।

कसरी बाहिर आयो ललितानिवासको हिनामिना ?

अधिवक्ता युवराज कोइरालालगायतको उजुरीका आधारमा सरकारले ०७५ मा यससम्बन्धी छानबिन सुरु गरेको थियो। १५ असार ०७५ मा सर कारले पूर्वसचिव शारदाप्रसाद त्रितालको अध्यक्षतामा यससम्बन्धी छानबिन समिति गठन गऱ्यो। तत्कालीन गृहसचिव प्रेमकुमार राईले यससम्बन्धी छानबिनमा सक्रियता लिएका थिए। छानबिन समितिले २६ माघ ०७५ मा प्रतिवेदन बुझाउँदै ललितानिवासको जग्गा हिनामिना भएको ठहर गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रहरीबाट अनुसन्धान गर्न सिफारिस गरेको थियो। सोही प्रतिवेदनमा टेकेर एक वर्षभित्रै अख्तियारले छानबिन टुंग्याएर विशेष अदालतमा मुद्दा दायर गरेको थियो। प्रहरीले गत १० भदौमा जिल्ला अदालतमा किर्ते मुद्दा दायर गरेको थियो। प्रहरीले पनि पूर्वमन्त्रीहरू विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ, चन्द्रदेव जोशीलगायतलाई प्रतिवादी बनाएको छ। जुन मुद्दा जिल्ला अदालतमा विचाराधीन छ।

बलिउड फिल्म...

पृष्ठ १ बाट क्रमशः

पनि प्रतिव्यक्ति तीन-तीन हजार अमेरिकी डलर लिएका छन्। बाँकी चारजनाको परिवारबाट रकम असुल्न पाएका छैनन्। तर, उनीहरूबाट तीन-तीन हजार अमेरिकी डलर भने लिइसकेका छन्।'

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी भूपेन्द्र खत्रीका अनुसार उनीहरूलाई नेपालबाट कतार हुँदै ब्राजिल पुऱ्याउने र त्यसपछि मेक्सिको हुँदै अमेरिका छिराउने भन्दै काठमाडौं ल्याइएको थियो। अमेरिका पुगेपछि सबैलाई ग्रिनकार्ड दिने प्रलोभनसमेत दिइएको थियो।

प्रहरीका अनुसार तस्करले अमेरिका लैजाने भारतीयलाई राख्न रातोपुलमा मासिक ७० हजार रुपैयाँ तिर्ने गरी तीन महिनादेखि सिंगो घर नै भाडामा लिएका थिए। त्यहाँ १५ दिन राख्दा उनीहरूलाई दिनमा दुईपटक मात्रै खाना खाने सुविधा थियो। घरबाहिर निस्कन बन्देज थियो। टेलिफोनमार्फत परिवारका सदस्यसँग कुराकानी गर्न पनि रोक लगाइएको थियो। परिवारसँग कुरा गर्नुपरे तस्करको अनुमति लिनुपर्थ्यो। उनीहरूले सिकाएअनुसार मात्रै सामाजिक सञ्जालबाट कुराकानी गर्नुपर्थ्यो। कुराकानी गर्न उनीहरूलाई छुट्टै कोठामा लगिन्थ्यो। बन्द कोठाको वरिपरि हल्का हरियो रंगको पर्दा टाँगिएका थिए। बीचमा टेबुल र कुर्सी हुन्थ्यो। पीडितलाई तस्करले सोही टेबुल-कुर्सीमा बस्न लगाउँथे। र, सामाजिक सञ्जालमार्फत कुरा गर्न लगाउँथे। यस क्रममा उनीहरूले पीडितको सामाजिक सञ्जालको 'ब्याक ग्राउन्ड'मा 'भिएफएक्स (भिजुअल इफेक्ट)'बाट तयार मेक्सिकोको नक्कली दृश्य हालिदिन्थे। वातावरण र आवाज पनि मेक्सिकोकोभैं सिर्जना गराइदिन्थे। उनीहरूले घडीको सुईलाई समेत मेक्सिकोको समयअनुसार फिट गरेका थिए। कुराकानीमा संलग्न पीडितलाई परिवारका सदस्यसँग 'आफू मेक्सिको' पुगेको भन्न लगाउँथे र भारतमा रहेका एजेन्टमार्फत रकम असुल्न लगाउँथे। यसका लागि उनीहरूले काठमाडौंमा आइटी एक्सपर्ट नै राखेका थिए। भारत महिपालपुरका ४५ वर्षीय अब्दुर रहिमलाई उनीहरूले यस कार्यका लागि नियुक्त गरेका थिए। प्रहरीका अनुसार तस्करले टेलिफोनको लोकेसन 'ट्र्याक'समेत नक्कली खडा गरेका थिए। पीडितले काठमाडौंबाट परिवारका सदस्यलाई फोन गर्दा लोकेसन मेक्सिकोको जान्थ्यो। आइटीविज्ञले यी सबै कार्य गर्थ्यो।

Global IME Bank Limited

Extension of Bid Submission Deadline

Frist date of publication : 1st January, 2024

Global IME Bank Limited had invited sealed bids from eligible bidders for **Supply/ Delivery and Implementation of Loyalty Management System (LMS)** as well as **Implementation of CRM Application System** on 1st January, 2024 in Nayapatrika Daily with last date of bid submission as 14th February, 2024. This date of submission of bid has been extended to 24th February, 2024 before 5:30 P.M.

We request eligible bidders to submit the bids on or before the extended submission date. All other information mentioned in the notice published on 1st January, 2024 shall remain unchanged.

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

Registered/Corporate Office
Tel: 01-4228671/4226247
Global Connect: 01-5970600
[ICRANP-IR] A Rated

लकर स्थानान्तरण हुने सम्बन्धी सूचना

यस बैंकको निम्न स्थानमा अवस्थित लकर हालको स्थानबाट स्थानान्तरण भई नयाँ शाखाबाट यही मिति २०८० फाल्गुण १३ गते आइतबार तदनुसार 25 February 2024 देखि संचालन हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

लकर रहेको शाखा	लकर स्थानान्तरण हुने शाखा	हालको शाखाबाट दुरी
एनआईएमबि धनगढी शाखा, धनगढी उपमहानगरपालिका वडा नं. ४, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश फोन नं.०९१-५२३६२०/०९१-५२३७०६	एनआईएमबि धनगढी शाखा, धनगढी उपमहानगरपालिका वडा नं. २, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश	करिब २०० मिटर पूर्व

मथि उल्लेखित शाखा कार्यालयमा रहेको लकरमा ग्राहकमहानुभावहरुले कुनै टुटफुट हुने सामानहरु राख्नु भएको भएमा लकर सार्नु अगावै मिति २०८० फाल्गुण १० गते बिहीवार भित्र लकर रहेको शाखामा कार्यालय समय (बिहान १०बजे देखि दिउँसो ३ बजे) भित्र सम्पर्क राखि निकाल्नुहुन अनुरोध गर्दछौं। अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति भएमा बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराउँदछौं। यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थी छ।

थप जानकारीको लागि लकर भएको तथा स्थानान्तरण हुने शाखामा सम्पर्क राख्नहुन अनुरोध गर्दछौं।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

केन्द्रिय कार्यालय, दरबारमार्ग काठमाडौं
फोन नं.:- ५३४२५३०, ५३२८२२९
फ्याक्स :- ५३२६३४९
ई-मेल : info@nimb.com.np

कुमारी बैंक लिमिटेड शाखा कार्यालय दमक, झापाको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/११/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय दमक, झापाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं।

उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
१. **लिला श्रेष्ठ** ना.प्र.नं.: ९७७३९०३ जारी मिति : २०४६/०३/०५ जि.प्र.का. झापा बाबु : डम्बर बहादुर श्रेष्ठ पति: मान बहादुर श्रेष्ठ स्थायी ठेगाना: झापा जिल्ला, तोपगाछी गा.वि.स. वडा नं. ०५ हालको ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं. ०७	१. **लिला श्रेष्ठ**को नाममा मालपोत कार्यालय, दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ०६/क स्थित कित्ता नं. १३४२०, १३४२२ र १३४२४ को क्षे.फ. क्रमश ४२.३३, २३७.०५ र ५९.२६ (ब.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
व्यक्तिगत जमानीकर्ताहरुको विवरण	
१. **मान बहादुर श्रेष्ठ** ना.प्र.नं.: ९७७३९१४२ जारी मिति : २०३३/१०/२७ जि.प्र.का. झापा बाबु : श्री नारायण श्रेष्ठ बाजे: भुवानी शंकर श्रेष्ठ स्थायी ठेगाना: झापा जिल्ला, शिवगंज गा.वि.स. वडा नं.०७ हालको ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं.०७	४. **दुर्गा श्रेष्ठ** ना.प्र.नं.: २३११५९१ जारी मिति : २०६२/०२/२६, जि.प्र.का. झापा बाबु : मान बहादुर श्रेष्ठ बाजे: श्री नारायण श्रेष्ठ स्थायी ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं.१२ हालको ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं.०७
२. **डिल्लीराम श्रेष्ठ** ना.प्र.नं.: ९७७३१३३३५ जारी मिति : २०४५/०२/११ जि.प्र.का. झापा बाबु : मान बहादुर श्रेष्ठ बाजे: श्री नारायण श्रेष्ठ स्थायी ठेगाना: झापा जिल्ला, तोपगाछी गा.वि.स. वडा नं.०५ हालको ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं.०७	५. **होम कुमारी प्रधान** ना.प्र.नं.: २३११०१४, जि.प्र.का. झापा जारी मिति : २०४६/०२/०८, बाबु : शिव नाथ प्रधान पति : डिल्लीराम श्रेष्ठ स्थायी ठेगाना: झापा जिल्ला, लखनपुर गा.वि.स., वडा नं.०१ हालको ठेगाना: झापा जिल्ला दमक न. पा. वडा नं.०७
३. **बिर्ख बहादुर श्रेष्ठ** ना.प्र.नं.: ९७७३१३३३६, जारी मिति : २०४६/०३/०५, जि.प्र.का. झापा बाबु : मान बहादुर श्रेष्ठ बाजे: श्री नारायण श्रेष्ठ स्थायी ठेगाना: झापा जिल्ला, तोपगाछी गा.वि.स. वडा नं.०५ हालको ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं.०७	

कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सबैका लागि

शाखा कार्यालय दमक, झापा फोन नं. ०२३- ५७२५८०

कुमारी बैंक लिमिटेड शाखा कार्यालय दमक, झापाको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/११/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय दमक, झापाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नवुझाई बैंक सग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० फागुन ११ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय दमक, झापामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण	लिलाम हुने सम्पतिको विवरण:
कपिल देव पाण्डे ना.प्र.नं.: ६२०६७/१६८ जारी मिति: २०५८/०७/१७ जि.प्र.का. ईलाम बाबु: कृष्ण कुमार पाण्डे बाजे: यज्ञानिधी पाण्डे स्थायी ठेगाना: ईलाम जिल्ला, चुलाचुली गा.वि.स. वडा नं. ०९ हालको ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं. २	१. **कपिल देव पाण्डे**को नाममा मालपोत कार्यालय, दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा., वडा नं. १ स्थित कित्ता नं. ३१७४४ को क्षेत्रफल ०-१-४-० (बि.क.धु.क) को जग्गा तथा उक्त जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत
व्यक्तिगत जमानीकर्ताहरुको विवरण	
१. **कृष्ण कुमार पाण्डे** ना.प्र.नं.: १५६/४३८७ जारी मिति २०२७/११/१६ जि.प्र.का. ईलाम बाबु: यज्ञानिधी पाण्डे बाजे: नारायण प्रसाद पाण्डे स्थायी ठेगाना: ईलाम जिल्ला, चुलाचुली गा.वि.स. वडा नं. ९ हालको ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं. २ ३. **गीता ओली** ना.प्र.नं.: २३११६६२ जारी मिति: २०६१/११/२८ जि.प्र.का. झापा बाबु: जय प्रसाद ओली बाजे: बलराम ओली स्थायी ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं. ०१ हालको ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं. २	२. **प्रेम कुमारी पाण्डे** ना.प्र.नं.: २०३८०/१५७ जारी मिति: २०४२/११/२० जि.प्र.का. ईलाम बाबु - श्रृगदास भण्डारी बाजे- डम्बर बहादुर भण्डारी स्थायी ठेगाना: ईलाम जिल्ला, बाँझो गाउँ पञ्चायत वडा नं. ०२ हालको ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं. २

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० फागुन १० गते** भित्र बैंकको शाखा कार्यालय दमक, झापामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय दमक, झापाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको

कांग्रेस महासमिति बैठकका लागि उपसभापति र महामन्त्रीद्वयका प्रस्ताव

पाँच वर्ष अहिलेकै गठबन्धन, ०८४ मा एक्लै चुनावी मैदानमा

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

सरकार हेरफेरका अनेकौं चर्चाबीच कांग्रेस महासमिति बैठकले अहिलेकै गठबन्धनको निरन्तरताको पक्षमा निर्णय लिन सक्ने जनाउ दिएको छ। महासमिति बैठकका लागि उपसभापति र महामन्त्रीद्वयले तयार पारेको छुट्टाछुट्टै प्रस्तावमा निर्वाचनको म्यान्डेटअनुसार हालकै गठबन्धन निरन्तरताको प्रस्ताव छ। ७-१० फागुनसम्म कांग्रेस महासमिति बैठक बस्दै छ।

बिहीबार सुरु भएको केन्द्रीय कार्यसमिति बैठकमा महासमितिका लागि तयार पारिएका पूर्णबहादुर खड्काको नीतिगत, महामन्त्री गगन थापाको संगठनात्मक र अर्का महामन्त्री विश्वप्रकाश शर्माको समसामयिक राजनीतिक प्रस्तावमाथि छलफल सुरु भएको छ। महामन्त्रीद्वयले अहिलेको गठबन्धनलाई पाँचै वर्ष टिकाएर लैजानुपर्ने प्रस्ताव गरेका छन् भने उपसभापति खड्काले आवश्यकताका आधारमा गठबन्धनको प्रस्ताव गरेका छन्।

महामन्त्री शर्माको प्रस्तावमा जनगठबन्धन जोखिम, तर आवश्यकता भएको उल्लेख छ। 'अहिले तत्काल हामी जुन गठबन्धनमा छौं त्यो आगतको सम्झौता होइन, विगतले बोकाएको अभिभारा हो। अतः त्यसमा निरन्तरता चाहँदा हामीबीच अलमल या अस्पष्टता होइन सुस्पष्ट प्रतिबद्धता जरुरी हुन्छ,' शर्माको प्रस्तावमा छ, 'एकल बहुमत कसैको पनि नभएको संसद्मा गठबन्धनलाई कायम राखेर नै देश र जनताको हितमा काम गर्नुपर्ने अभिभारा हाम्रो छ।'

महामन्त्री थापाले आगामी निर्वाचनबाट निर्वाचनपूर्व गठबन्धन नगर्न प्रस्ताव गरेका छन्। 'एउटा विशिष्ट राजनीतिक परिस्थितिमा संविधानको रक्षाका लागि काग्रेसले निर्वाचनअगाडि गठबन्धनको नेतृत्व गर्नुपऱ्यो। गत निर्वाचनमा कांग्रेसले पाँच वर्षका लागि गठबन्धनसहित मत मागेकाले यो अवधिसम्म जनतासँगको वाचा र अन्य साझेदार दलहरूसँगको सम्झौताबमोजिम राजनीतिक इमानदारी प्रदर्शन गर्नुपर्छ, गर्छौं,' महामन्त्री थापाको प्रस्तावमा छ।

शर्माको प्रस्तावमा ०७९ को निर्वाचनपछि पुस १० मा असावधानीवश भक्तिकएको गठबन्धन राष्ट्रपति निर्वाचनबाट 'ट्र्याक'मा आएको उल्लेख छ। अबको अवस्थामा पनि जोखिम आउन नदिन कांग्रेसले जिम्मेवारी प्रस्तुत गर्नुपर्ने शर्माको प्रस्तावमा औंल्याइएको छ। प्रस्तावमा 'कोशी प्रकरण'ले गठबन्धनमा उब्जिएको प्रश्नलाई गम्भीर समीक्षा गर्न आवश्यक रहेको औंल्याइएको छ। महामन्त्री शर्माले सरकारले सुशासनको प्रयास गरेको, अर्थतन्त्र सुधारोन्मुख बनाएको, तर यी प्रयास पर्याप्त हुन नसकेको उल्लेख गरेका छन्। महासमिति बैठकमा कांग्रेसका मन्त्री र सरकारको प्रभावकारिता र कमजोरीबारे खुलेर छलफल गर्न आवश्यक रहेको उनको प्रस्तावमा छ। 'हाम्रा मन्त्रीहरूले सम्हालेको मन्त्रालयको प्रगति र कमजोरीको पनि समीक्षा गर्नु छ। वर्तमान सरकारमार्फत कम्तीमा संविधान रक्षाको साझा कार्यभार सम्पादन भएको छ। भ्रष्टाचार नियन्त्रण गर्न केही पहलकदमी अनि अपर्याप्त भए पनि सुशासनको दिशामा केही प्रयास देखिन्छन्,' शर्माको प्रस्तावमा छ।



बिहीबार सानेपामा सुरु भएको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकका सहभागी। तस्बिर : नयाँ पत्रिका

उपसभापति खड्काको प्रस्ताव- आवश्यकताका आधारमा गठबन्धन



उपसभापति पूर्णबहादुर खड्काको ६५ पृष्ठको नीतिगत प्रस्तावमा निर्वाचन प्रणाली सुधारको प्रस्ताव छ। उपसभापति खड्काको प्रस्तावमा आवश्यकताका आधारमा गठबन्धन गरेर जाने उल्लेख छ। खड्काको प्रस्तावमा राजनीतिक स्थिरतासहितको लोकतन्त्रका लागि कांग्रेसले आवश्यक नीति तय गर्ने उल्लेख छ। 'नेपालले मिश्रित निर्वाचन प्रणाली अंगीकार गरेको कारण संसद्मा कुनै एक दलको बहुमत पुग्ने सम्भावना निकै कम देखिन्छ। सरकार गठनका लागि गठबन्धन सरकार बनाउनैपर्ने बाध्यता भएको अवस्थामा अस्थिरता निम्तिन सक्ने अवस्थालाई ध्यान दिँदै र विगतका अनुभवबाट पाठ सिक्दै आवश्यक नीति तय गर्ने प्रतिबद्धता व्यक्त गर्दछ,' प्रस्तावमा छ।

खड्काको प्रस्तावमा कांग्रेसले शान्तिपूर्ण, मैत्रीपूर्ण र लोकतन्त्रप्रति विश्वास भएका राजनीतिक दललाई 'मित्र'को रूपमा लिनुपर्ने र लोकतन्त्रविरोधी गतिविधि गर्ने दललाई सहन नसकिने उल्लेख गरेका छन्। 'लोकतन्त्रको उदारता प्रयोग गरेर लोकतन्त्रकै गला रेट्न उद्यत् दल तथा समूहप्रति भने नेपाली कांग्रेस कहिल्यै उदार हुन सक्दैन। उदारता र दलहरूप्रतिको सम्मान नेपाली कांग्रेसको सीमा हो, तर दलीय पद्धतिप्रतिको विषवमन र उग्रताविरुद्ध भने नेपाली कांग्रेस दृढतापूर्वक चट्टान भएर उभिइरहनेछ,' उनको प्रस्तावमा छ।

महामन्त्री थापाको प्रस्ताव- ०८२ मंसिरभित्र महाधिवेशन कार्यतालिका



महामन्त्री गगन थापाले ०८२ मंसिरभित्र महाधिवेशनको कार्यतालिकासहित सांगठनिक प्रस्ताव पेस गरेका छन्। बिहीबार केन्द्रीय समिति बैठकमा महासमित बैठकको प्रस्ताव पेस गर्दै महामन्त्री थापाले महाधिवेशनको सुनिश्चिततासहित ४६ पृष्ठको प्रतिवेदन पेस गरेका हुन्।

प्रस्तावमा ०७८ मा सम्पन्न महाधिवेशनको चारवर्षे कार्यकाल ०८२ मंसिर मसान्तभित्र हुने उल्लेख गर्दै महाधिवेशनको कार्यतालिका समावेश गरिएको छ। कार्यतालिकामा ०८१ साउनबाट महाधिवेशन प्रक्रिया सुरु गर्ने प्रस्ताव छ।

कार्यतालिकामा ०८१ साउन मसान्तभित्र विधान संशोधनबारे तल्लो तहबाट छलफल थाल्ने, ०८१ असोजमा विधान महाधिवेशन, ०८१ कात्तिकभित्र विधान पारित र क्रियाशील सदस्यताको टुंगो लगाउने, १५ मंसिरभित्र वडा अधिवेशन, मंसिर मसान्तभित्र पालिका अधिवेशन, ०८२ भदौ मसान्तभित्र प्रदेश र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन तथा महासमिति र महाधिवेशन प्रतिनिधिको अधिवेशन गर्ने उल्लेख छ। ०८२ असोज मसान्तभित्र जिल्ला र विदेशस्थित जनसम्पर्क समितिको अधिवेशन सक्ने, कात्तिक मसान्तभित्र प्रदेश अधिवेशन र मंसिर मसान्तभित्र महाधिवेशनको कार्यतालिका छ।

माओवादीको नयाँ विधान पारित

१९९ सदस्यीय केन्द्रीय समिति, त्यसको एकतिहाइ स्थायी समिति र ११ सदस्यीय पदाधिकारी, आयोगहरू १५ सदस्यीय

नयाँ पत्रिका

सत्तारुढ दल माओवादीको विधान परिमार्जनसहित पारित भएको छ। राजधानीको प्रज्ञा भवनमा बिहीबार सम्पन्न तीनदिने विधान अधिवेशनले अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रस्तुत गरेको विधान संशोधनसहित पारित गरेको हो।

विधान मस्यौदामाथि २० वटा समूह बनाएर छलफल भएको थियो। समूहगत छलफलबाट आएका सुझाव समावेश गर्दै विधान पारित भएको उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले बताए। विधानलाई समृद्ध बनाउन महत्त्वपूर्ण सुझाव आएको भन्दै प्रचण्डले पार्टी नयाँ ढंगले अगाडि बढ्ने बताए। अब महाधिवेशन हुने र विचारमाथि बृहत् छलफल हुने उनको भनाइ छ।

परिमार्जित विधानअनुसार माओवादीको केन्द्रीय समिति १९९ सदस्यीय हुने भएको छ। विधान मस्यौदामा १५१ सदस्यीय केन्द्रीय समिति बनाउने प्रस्ताव गरिएकामा समूहगत छलफलको क्रममा ९९ वा १९९ सदस्यीय बनाउन सुझाव आएको थियो। समूहगत छलफलमा उठेका प्रश्नको जवाफ दिने क्रममा अध्यक्ष प्रचण्डले १९९ सदस्यीय केन्द्रीय समिति, केन्द्रीय समितिको एकतिहाइ स्थायी समिति र ११ सदस्यीय पदाधिकारी बनाउने निर्णय भएको बताए। आयोगहरू १५ सदस्यीय बनाउने निर्णय भएको छ।

> स्थानीय तह, प्रदेश र केन्द्रीयस्तरमा निर्वाचनबाट समिति चयन गर्ने र उक्त समितिले पदाधिकारी चयन गर्ने

विधान अधिवेशनले महाधिवेशनका लागि निकै राम्रो आधार तयार भएको सापकोटाले दाबी गरे। 'अब माथिबाट महाधिवेशन हुन्छ। महाधिवेशनबाट १९९ सदस्यीय कमिटी बन्छ अनि तलसम्म जान्छ,' सापकोटाले भने। महाधिवेशनको मिति भने तोकिएको छैन। उनका अनुसार केन्द्रीय सदस्यको योग्यता र कार्यविधिबारे नियमावलीमा प्रस्ट गरिनेछ। विधान छोटो बनाउने र सबै कुरा नियमावलीमा उल्लेख गरिने उनले बताए। प्रवक्ता सापकोटाले विधानको प्रस्तावना खँदिलो र ओजपूर्ण बनाउने सुनिश्चित भएको बताए। 'वैचारिक, सैद्धान्तिक, दार्शनिक बहस धेरै माथिल्लो स्तरबाट भएको छ। त्यसमा सबभन्दा बढी जोड दिएर प्रस्तावनामाथि छलफल भएको छ। प्रस्तावना खँदिलो र ओजपूर्ण बनाउने कुराको सुनिश्चित भएको छ,' सापकोटाले भने।

स्थानीय तह, प्रदेश र केन्द्रीयस्तरमा निर्वाचनबाट समिति चयन गर्ने र उक्त समितिले पदाधिकारी चयन गरिने भएको छ। प्रत्यक्ष निर्वाचित समिति र उक्त समितिले पदाधिकारी चयन गर्ने निष्कर्षमा माओवादी पुगेको छ। 'हरेक कमिटी प्रत्यक्ष निर्वाचनद्वारा गरिनेछ। प्रत्यक्ष निर्वाचनको ढोका खुलेको छ। सबै कमिटीमा प्रत्यक्ष निर्वाचन हुन्छ। केन्द्रीय कमिटीको निर्वाचन भइसकेपछि पदाधिकारी केन्द्रीय कमिटीले निर्वाचित गर्छ।' सापकोटाले भने। प्रत्यक्ष निर्वाचन प्रणालीमा जाँदा जनवादी अभ्यास पनि भुल्न नहुनेमा प्रचण्डले जोड दिएका छन्। 'जनवादी केन्द्रीयतामा जनवाद र केन्द्रीयता दुवै, अनुशासन र स्वतन्त्रता दुवै, वैयक्तिक चित्तप्रसन्नता र सामूहिक चिन्तन प्रणालीलाई विकास गर्ने भनिएको छ,' सापकोटाले भने।

प्रचण्डले राम्रो काम गर्नेलाई पुरस्कृत र नराम्रो काम गर्नेलाई कारबाही गर्ने पनि बताएका छन्। पुरस्कार र कारबाहीमा अघि नबढेसम्म पार्टी प्रभावकारी ढंगले अघि बढ्न नसक्ने निष्कर्ष प्रचण्डले सुनाएका छन्। १८ वर्ष पुगेकालाई पार्टीको साधारण सदस्य र संगठित सदस्य दिने पनि उनले बताए। सबै जनवर्गीय संगठनको सम्मेलन गर्ने र पुनर्गठन गर्ने निर्णय भएको पनि सापकोटाले जानकारी दिए। भारत, मध्यपूर्व र बाँकी विश्वमा तीनवटा प्रदेशस्तरीय समितिहरू बनाउने निर्णय पनि भएको छ।

■ नाम र चुनावचिह्न तत्काल नफेर्ने

समूहगत छलफलको निष्कर्ष प्रस्तुत गर्ने क्रममा २० समूहमध्ये धेरैले नाम र चुनावचिह्न फेर्नुपर्ने सुझाव दिए पनि माओवादीले तत्काल नाम र चुनावचिह्न नफेर्ने भएको छ। अधिवेशनको समापनमा अध्यक्ष प्रचण्डले तत्कालै नाम र चुनावचिह्न नफेर्ने निष्कर्ष सुनाएका हुन्। समाजवादी आन्दोलन समाजवादी पार्टीमार्फत सम्पन्न गर्नुपर्ने निष्कर्ष अधिकांश समूहको थियो। 'नाम र चुनावचिह्नबारे व्यापक रूपमा छलफल भयो। नाम सन्दर्भ मिलाएर बदल्न पनि सक्छौं। तर, आजै बदल्ने निर्णय भएको छैन,' सापकोटाले भने, 'चुनावचिह्न पनि अलिकति लामो भयो, दुई अक्षरको बनाउनुपर्छ भन्ने छ। त्यो पनि आवश्यकताअनुसार सन्दर्भ आएपछि सोच्न सकिन्छ भन्ने भएको छ।'

■ चैत र वैशाखमा दुई अभियान

माओवादीले आगामी चैत र वैशाखमा दुई अभियान सञ्चालन गर्ने भएको छ। १ देखि १५ चैतमा तराई मधेश जनजागरण अभियान र १ देखि १५ वैशाखमा उत्तर-दक्षिण अभियान सञ्चालन गर्ने घोषणा प्रचण्डले गरेका छन्। मधेश जागरण अभियान हुलाकी राजमार्गलाई केन्द्र बनाएर पूर्वदेखि-पश्चिमसम्मको अभियान चलाइनेछ।

■ कम्युनिस्ट पार्टीको पुनर्गठन अपरिहार्य

समग्र वामपन्थी एकीकरण र कम्युनिस्ट पार्टीको पुनर्गठन गरेर अगाडि बढ्ने सापकोटाले बताए। 'समग्र वामपन्थी एकीकरण पनि गर्ने, त्यसका साथसाथै कम्युनिस्ट पार्टीको पुनर्गठन गर्ने। पहिला बनेको नेकपालाई रक्षा गर्न सकिएन। अब फेरि कम्युनिस्ट पार्टीको पुनर्गठन पनि गर्ने,' सापकोटाले भने, 'संविधानमा हामीले भनेको समाजवादी राज्य व्यवस्था लागू गर्नका लागि यो अनिवार्य छ। सामाजिक न्यायसहितको वैज्ञानिक समाजवादको बाटोमा अघि बढ्नका लागि वामपन्थी एकता र कम्युनिस्ट पार्टीको पुनर्गठन अपरिहार्य छ।'

ड्युटीमा रहेकी प्रहरी महिलाको गोली हानी हत्या

दाङ/ नेपाल प्रहरीमा कार्यरत यमबहादुर झाँक्रीले प्रहरीमै कार्यरत श्रीमती धनमाया थापालाई गोली हानी हत्या गरेका छन्। धनमाया दाङमा प्रहरी जवानका रूपमा कार्यरत थिइन् भने यमबहादुर प्रहरी तालिम केन्द्र नेपालगन्जमा थिए। दाङ घोराहीको दामोदर चोकमा ड्युटी गरिरहेका वेला बिहीबार बेलुकी साढे आठ बजेतिर बाइकमा आएका यमबहादुरले धनमायामाथि तीन राउन्ड गोली प्रहार गरेको दाङका प्रमुख जिल्ला अधिकारी दीनबन्धु सुवेदीले जानकारी दिए। प्रजिअ सुवेदीका अनुसार यमबहादुरलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ। गोली प्रहार गरेपछि यमबहादुर सोही बाइक चढेर फरार भएका थिए। उनलाई लमहीबाट प्रहरीले नियन्त्रणमा लिएको हो।

PRiME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/११/०४ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : पोखरा, कास्की

ऋणीको विवरण

कृष्ण प्रसाद श्रेष्ठको बुहारी, वीरेन्द्र राज श्रेष्ठको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **भगवती देवी श्रेष्ठ (ना.प्र.प.नं. १६०३१३६६७०- पर्सा, कास्की)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. शानु बहादुर श्रेष्ठको नाति, कृष्ण प्रसाद श्रेष्ठको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **वीरेन्द्र राज श्रेष्ठ (ना.प्र.प.नं. १६०३१३२६८- पर्सा, कास्की)**

२. कृष्ण प्रसाद श्रेष्ठको नातिनी, वीरेन्द्र राज श्रेष्ठको छोरी, कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **बन्दना श्रेष्ठ (ना.प्र.प.नं. १६०३२१२००/पर्सा, कास्की)**

शाखा कार्यालय : ४ नं. जितपुर, कपिलवस्तु

ऋणीको विवरण

राम नारायण थारुको नाति, साधु सरण थारुको छोरा, कपिलवस्तु जिल्ला, साबिक निग्लीहवा गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सन्तोष कुमार चौधरी (ना.प्र.प.नं. १३६२, कपिलवस्तु)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. साधु सरण थारुको नाति, सन्तोष कुमार चौधरीको छोरा, कपिलवस्तु जिल्ला, साबिक कपिलवस्तु न.पा वडा नं. १० स्थित स्थायी ठेगाना भएको **आशिक थारु (ना.प्र.प.नं. ३८-०१-७४-०१४५५, कपिलवस्तु)**

२. साधु सरण थारुको बुहारी, सन्तोष कुमार चौधरीको पत्नी, कपिलवस्तु जिल्ला, साबिक निग्लीहवा गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **करमदानी चौधरी (ना.प्र.प.नं. ३८३०२२/४५७, कपिलवस्तु)**

३. राम नारायण थारुको बुहारी, साधु सरण थारुको पत्नी, कपिलवस्तु जिल्ला, साबिक ओदारी गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **ठगानी थरुनी (ना.प्र.प.नं. १८५१, कपिलवस्तु)**

४. राम सेवक थारुको नाति, राम नारायण थारुको छोरा, कपिलवस्तु जिल्ला, साबिक ओदारी गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **साधु सरण थारु (ना.प्र.प.नं. ११२९३, कपिलवस्तु)**

नेपाल सरकार
सहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
नयाँ सहर आयोजना कार्यालय
खुर्कोट, सिन्धुली

शिलवन्दी बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना

प्रकाशन मिति : २०८०/११/०४

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि मिति २०८०/०७/०३ गतेको नयाँ पत्रिका दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मू. अ. कर बाहेक)
1	KNTPO/NCB/ 080/81-01	रिंगरोड अधेरी खोला देखि मथिल्लोबेशी सम्म बाटोको स्तरोन्नती गर्ने कार्य	श्री एम. के. एस. कन्स्ट्रक्सन प्रा.लि.गोलन्जोर ०७, सिन्धुली।	रु.४२,२३,८९४.५०

का. मु. आयोजना प्रमुख

लुम्बिनी प्रदेश सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन कार्यालय
रूपन्देही, नेपाल

ठेक्का अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०/११/०४

१. यस कार्यालय अन्तर्गत नवलपरासी (ब.सु.प) जिल्लामा संचालित ठेक्का नं. UDB-RUP/33704014/NCB/077-78/04, Construction of Road, Footpath and paving Interlock Block Works at Ramgram, Nawalparasi का लागि निर्माण व्यवसायी **श्री न्यू जगत्र देवी निर्माण सेवा, सुनवल-४, नवलपरासी** र यस कार्यालय बिच मिति २०७७/०८/१९ मा ठेक्का सम्झौता भई मिति २०७८/०३/३० मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा सो हुन नसकी म्याद थप गरिएको र थपिएको म्याद समेत मिति २०७८/१२/३० मा समाप्त भई सकेको, निर्माण व्यवसायीलाई लिखित तथा मौखिक रुपमा कार्य सम्पन्न गर्न पटक-पटक अनुरोध गर्दा पनि निजले ठेक्का सम्झौताका शर्तहरु बमोजिम आफ्नो करारीय दायित्व पुरा नगरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२) अनुसार ठेक्का सम्झौताको GCC ७२ र ७२.३ (b) मा भएको व्यवस्था र सारभूतरुपमा उक्त निर्माण सेवाबाट ठेक्का सम्पन्न नहुने परिस्थिति निर्माण सेवा स्वयंबाट सिर्जना भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) समेतको आधारमा मिति २०८०/११/०२ को निर्णय अनुसार ठेक्का अन्त्य (Terminate) गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। यसर्थ ठेक्का सम्झौताको GCC ७२.६ बमोजिम निर्माण व्यवसायीलाई यथाशिघ्र कार्यस्थल छोड्न जनाकारी गराइन्छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(३) र ऐ.ऐन ५९(८) र सझौताको GCC ७५.३ बमोजिम Valuation भई स्थापित हुने रकम सरकारी बाँकी सरह असूल उपर हुने कानुनी व्यवस्था भएकोले यो सूचना प्रकाशित भएको १५ दिन भित्र निर्माण व्यवसायीलाई यस कार्यालयमा सम्पर्क राखी वित्तिय फरफारक गर्न समेत अनुरोध गरिन्छ।

२. यस कार्यालय अन्तर्गत रुपन्देही जिल्लामा संचालित ठेक्का नं. UDB-RUP/34701014/NCB/078-79/4, Construction of Infrastructure(Drain Cover) at Prabhatpath to Bhanupath Road,Si.na.pa.-09, Rupandehi का लागि निर्माण व्यवसायी **श्री साहनी बिल्डर्स, ओमसतिया-३, रुपन्देही** र यस कार्यालय बिच मिति २०७८/०९/१९ मा ठेक्का सम्झौता भई मिति २०७९/०३/३१ मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा सो म्याद समाप्त भइसकेको, निर्माण व्यवसायीलाई लिखित तथा मौखिक रुपमा कार्य सम्पन्न गर्न पटक-पटक अनुरोध गर्दा पनि निजले ठेक्का सम्झौताका शर्तहरु बमोजिम आफ्नो करारीय दायित्व पुरा नगरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२) अनुसार ठेक्का सम्झौताको GCC ७२ र ७२.३ (b) मा भएको व्यवस्था र सारभूतरुपमा उक्त निर्माण सेवाबाट ठेक्का सम्पन्न नहुने परिस्थिति निर्माण सेवा स्वयंबाट सिर्जना भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) समेतको आधारमा मिति २०८०/११/०२ को निर्णय अनुसार ठेक्का अन्त्य (Terminate) गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। यसर्थ ठेक्का सम्झौताको GCC ७२.६ बमोजिम निर्माण व्यवसायीलाई यथाशिघ्र कार्यस्थल छोड्न जनाकारी गराइन्छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(३) र ऐ.ऐन ५९(८) र सझौताको GCC ७५.३ बमोजिम Valuation भइ स्थापित हुने रकम सरकारी बाँकी सरह असूल उपर हुने कानुनी व्यवस्था भएकोले यो सूचना प्रकाशित भएको १५ दिन भित्र निर्माण व्यवसायीलाई यस कार्यालयमा सम्पर्क राखी वित्तिय फरफारक गर्न समेत अनुरोध गरिन्छ।

कार्यालय प्रमुख

संरचनात्मक परिवर्तनको खाँचो

अर्थतन्त्रका हरेक क्षेत्रमा ज्ञान र प्रविधिको प्रयोग तथा नवप्रवर्तन र व्यापारीकरणको प्रवर्द्धनबाट गतिशील आर्थिक वृद्धि हासिल गर्न सकिन्छ



● डा. कृष्णराज पन्त

अग्रलेख

हरेक मुलुकको संरचनात्मक रूपान्तरणसहितको दिगो विकासका निम्ति संरचनात्मक परिवर्तन ज्यादै महत्त्वपूर्ण छ। हार्वर्ड विश्वविद्यालयका प्रोफेसर डानी रोड्रिक भन्छन्- आधारभूत संरचनात्मक परिवर्तनबाटै दिगो आर्थिक वृद्धि र विकास सम्भव छ। यसका निम्ति आर्थिक क्रियाकलाप (अर्थात् उत्पादन र श्रम दुवै) परम्परागतबाट आधुनिक संरचनातर्फ परिवर्तित हुनुपर्छ। किनकि, आर्थिक विकासको परम्परागत मोडेलमा उत्पादनका साधन (पुँजी र श्रम दुवै) को भरपूर उपयोग हुन सक्दैन र नतीजास्वरूप उत्पादन न्यून हुन पुग्छ। अर्थतन्त्रको यस्तो संरचनात्मक परिवर्तनको प्रभाव भने चक्रीय हुन्छ।

सन् १९७० को दशकअघिदेखि नै जापान, दक्षिण कोरिया, ताइवान, चीनजस्ता धेरै एसियाली र दक्षिण-पूर्वी एसियाली मुलुकले औद्योगिक विकास गरे। आदर्शवादभन्दा पनि व्यवहारवादप्रतिको उनीहरूको विश्वास, इच्छाशक्ति र निर्यातमुखी औद्योगीकरणतर्फको तेज गतिले नै तिनलाई सफल बनायो। तर, कतिपय ल्याटिन अमेरिकी र अफ्रिकी मुलुकले निर्यात प्रवर्द्धनभन्दा आयात प्रतिस्थापनतर्फ जोड दिएका कारण 'वासिंटन कन्सेन्सस'जस्ता उदारवादी विचारमा अचाक्ली भर गरेका कारण र उक्त मोडेलअनुरूप संरचनात्मक परिवर्तनमार्फत अर्थतन्त्रको संरचनात्मक रूपान्तरण स्वतः हुन्छ भन्ने विश्वासका कारण पछि परे। नेपालमा पनि अहिलेको आर्थिक अस्तव्यस्तता, पुँजी र श्रम पलायनको स्थितिजस्ता समस्याबाट मुक्ति पाउन र दिगो आर्थिक विकासका निम्ति विद्यमान अर्थतन्त्रमा संरचनात्मक परिवर्तनको खाँचो छ।

के हो संरचनात्मक परिवर्तन ? : विकास अर्थशास्त्रअनुसार संरचनात्मक परिवर्तन भनेको उत्पादनको एक क्षेत्रबाट उत्पादनका साधन -पुँजी, श्रम र प्रविधि) को अर्को क्षेत्रमा अवस्थानान्तरण हो, जसले कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदानको सम्मिश्रणमा समेत परिवर्तन ल्याउँछ। विकास अर्थशास्त्रीका अनुसार कुनै पनि अर्थतन्त्रको संरचनात्मक परिवर्तनले उच्च उत्पादकत्व र बढ्दो प्रतिफल दिने खालका नयाँ गतिविधि पैदा गर्ने क्षमता राख्छ र उत्पादनमा समेत वृद्धि गर्छ। संरचनात्मक परिवर्तनको शास्त्रीय पद्धतिले आर्थिक वृद्धिमा मात्र जोड दिन्छ, जुन अन्तरउत्पादन क्षेत्र (कृषि क्षेत्रबाट औद्योगिक उत्पादनको क्षेत्रतर्फ) श्रमको स्थानान्तरणमा सीमित छ।

दिगो आर्थिक विकासका निम्ति दिगो आर्थिक वृद्धि आवश्यक हुन्छ र त्यसका निम्ति अर्थतन्त्रमा अन्तरक्षेत्र मात्र होइन, क्षेत्रभित्रै पनि विविधीकरण (डाइभर्सिफिकेसन), तुलनात्मक लाभ (कम्पेरेटिव एड्भान्टेज), प्राविधिक स्तरोन्नति (टेक्नोलोजिकल अपग्रेडिङ) र नवप्रवर्तन (इन्नोभेसन) जस्ता पक्षमा हुने परिवर्तन महत्त्वपूर्ण हुन्छ। विभिन्न अध्ययनले संरचनात्मक परिवर्तनका मुख्य चालकका रूपमा व्यापार उदारीकरण, मागको संरचनामा परिवर्तन, मागको लचकता, प्रविधिमा आएको परिवर्तन र नीतिगत हस्तक्षेप (विनिमय दरमा हेरफेर, संरक्षणका नीति, औद्योगिक नीति) लाई चित्रित गरेका छन्। संरचनात्मक परिवर्तनलाई विशुद्ध प्राविधिक प्रक्रियाका रूपमा मात्र हेरिनुहुन्न।

कसरी गर्ने संरचनात्मक परिवर्तन ? : दिगो आर्थिक वृद्धिसहित मुलुकको अर्थतन्त्र रूपान्तरणका निम्ति अन्तरउत्पादन क्षेत्र मात्र नभई उत्पादनका हरेक क्षेत्रभित्रै संरचनात्मक परिवर्तन आवश्यक छ। यसका लागि उत्पादनको विविधीकरण गर्दै उत्पादन पद्धति (श्रम, पुँजी, प्रविधि र उत्पादनको सम्मिश्रण) लाई गतिशील तुलनात्मक लाभतर्फ उन्मुख गराउनुपर्छ। रोड्रिक भन्छन्- आफूलाई संरचनात्मक रूपान्तरण गर्न चाहने मुलुकले पहिले आफ्नो संरचनात्मक परिवर्तनका समस्या र बाधक के-के हुन्, त्यसको अध्ययन गरी निर्क्योल गर्नुपर्छ। अपूर्ण श्रमबजार, सीमित ऋणग्राह्य क्षमता, कमजोर वित्तीय बजार, लगानी निरुत्साहित गर्ने खालको राजनीतिक संस्था वा अन्य के-के समस्या छन्, पहिचान गर्नु आवश्यक हुन्छ। समस्याबमोजिम रणनीति प्रतिपादन र प्रभावकारी कार्यान्वयनबाट मात्र मुलुकको अर्थतन्त्रलाई संरचनात्मक परिवर्तन गरी श्रमप्रधान आर्थिक क्रियाकलाप र न्यून उत्पादकत्वको अवस्थाबाट सीपप्रधान क्रियाकलाप र उच्च उत्पादकत्वतर्फ रूपान्तरण गर्न सकिन्छ। यसैगरी, अर्थतन्त्रका हरेक क्षेत्रमा ज्ञान र प्रविधिको प्रयोग, नवप्रवर्तन र व्यापारीकरणको प्रवर्द्धन गरेर मात्र अर्थतन्त्रको गतिशील आर्थिक वृद्धि हासिल गर्न सकिन्छ। यसका निम्ति अर्थतन्त्रभित्रका विभिन्न अवयव (जस्तै- व्यक्ति, फर्म र राज्य) बीच बलियो सञ्जाल विस्तारमा जोड र विविध अभ्यासबाट खारिएका नियम कानुन, मापदण्ड र संगठनसमेतको संस्थागत विकास आवश्यक छ। अर्थतन्त्रका कृषि, उद्योग र सेवा तीनवटै क्षेत्रमा मागमा आधारित (वस्तु तथा सेवा उत्पादन र विविधीकरण) र आपूर्तिमा आधारित (उत्पादनका साधनको पुनः बाँडफाँड) दुवैखाले संरचनात्मक परिवर्तनको सम्मिश्रण जरुरी छ। उत्पादनका सबै क्षेत्रमा वैदेशिक लगानीको आकर्षण र समुचित प्रयोगको नीति अवलम्बन आवश्यक छ।

कृषि क्षेत्रमा संरचनात्मक परिवर्तन : आधुनिकीकरण, यान्त्रिकीकरण, विविधीकरण, विशिष्टीकरण र व्यवसायीकरणका माध्यमबाट कृषि क्षेत्रलाई निर्वाहमुखी प्रणालीबाट निर्यातमुखी प्रणालीतर्फ रूपान्तरण र परम्परागत श्रमप्रधानबाट आधुनिक पुँजीप्रधान प्रणालीतर्फ परिवर्तन गर्न सकिन्छ। यसका निम्ति उच्च मूल्य र तुलनात्मक लाभका वस्तु उत्पादन, भूगोल र मौसमी विविधतामा आधारित बाली प्रणाली, कृषि पाठशालाको व्यवस्था, गुणस्तरीय कृषि सामग्री र प्राविधिक सेवाको आपूर्ति, स्वस्थ र गुणस्तरीय उत्पादन, प्रशोधन, ब्रान्डिङ र बजारीकरणको व्यवस्था, निश्चित अवधिका निम्ति उत्पादनको समर्थन मूल्य, कृषि क्षेत्रमा नयाँ सूचना प्रविधिको व्यापक प्रयोग, अनुसन्धानमा आधारित कृषि उत्पादन प्रणाली, स्वदेशी उत्पादनको संरक्षण र प्रयोग, उच्च मूल्यका कृषि वस्तु निर्यात प्रोत्साहनजस्ता नीतिहरूको अवलम्बन गर्न जरुरी छ। यस्ता सुधारमार्फत कृषि कर्मलाई गरिमायुक्त बनाई कृषि भूमिको निष्प्रयोग, निरन्तर स्वामित्व हस्तान्तरण र खण्डीकरणजस्ता कारणबाट कृषि उत्पादनमा हुने ह्रासको न्यूनीकरण र रोजगारी प्रवर्द्धनतर्फ जोड दिनुपर्छ।

औद्योगिक क्षेत्रमा संरचनात्मक परिवर्तन : कृषिमा जस्तै अर्थतन्त्रको औद्योगिक क्षेत्रमा पनि संरचनात्मक परिवर्तन जरुरी छ। अन्तरउद्योग संरचनात्मक परिवर्तनस्वरूप ठूला उद्योगको विविधीकरण, श्रम प्रधानबाट उच्च दक्षता, पुँजी र प्रविधि प्रधानतर्फ परिवर्तन, आधारभूत वस्तु उत्पादन उद्योगबाट उच्च गुणस्तरीय र मूल्यवान् वस्तुहरूको उत्पादनतर्फ स्तरोन्नति, इन्पुट-आउटपुट लिंकेजको अवधारणाका आधारमा परम्परागत क्षेत्रबाट आधुनिक क्षेत्रमा उद्योगको अवस्थानान्तरणजस्ता औद्योगिक संरचनात्मक सुधारको माध्यमबाट दिगो आर्थिक विकास हासिल हुन सक्छ। यस क्रममा, औद्योगिक क्षेत्रलाई प्रतिस्थापक उद्योग मात्र नभई निर्यातमूलक उद्योगतर्फ, पुँजी सञ्चय वा प्राविधिक परिवर्तनमार्फत नक्कलभन्दा नवप्रवर्तनतर्फ र वृद्धिशील (इन्क्रिमेन्टल) भन्दा विस्थापनकारी (डिसरप्टिव) नवप्रवर्तनतर्फ उन्मुख गराइनु आवश्यक छ। यसका साथै, साना तथा मझौला उद्योगको विकास र ठूला उद्योगसँगको मूल्य तथा आपूर्ति शृंखलामा तिनको आबद्धताको पक्ष पनि औद्योगिक क्षेत्रको दिगो विकासका निम्ति महत्त्वपूर्ण हुन्छ। विश्वव्यापी अनुभवलाई हेर्दा मिडिल इन्कम ट्र्याप (मध्यम आयस्तरमा अल्झिरहने) र लो इन्कम ट्र्याप (निम्न आयस्तरमा अल्झिरहने) को अवस्थाबाट उम्कन सफल मुलुकले यस्तैखाले संरचनात्मक परिवर्तनमार्फत सफलता हासिल गरेको पाइन्छ।

सेवाक्षेत्रको संरचनात्मक परिवर्तन : समग्र अर्थतन्त्रको रूपान्तरणका निम्ति कृषि र औद्योगिक क्षेत्रसँगै सेवाक्षेत्रमा पनि संरचनात्मक परिवर्तनको खाँचो छ। यस सन्दर्भमा, सेवाक्षेत्रलाई न्यून उत्पादकत्व भएको (गैरव्यापारयोग्य) बाट सीपप्रधान र उच्च-उत्पादकत्व भएको (व्यापारयोग्य) सेवाक्षेत्रतर्फ परिवर्तन गरिनुपर्छ। त्यसैगरी, रोजगार सिर्जनाका निम्ति श्रमबजारको माग र आपूर्ति दुवैमा हस्तक्षेप आवश्यक छ। परम्परागत अभ्यासबाट फड्को मार्दै सेवाक्षेत्रको औद्योगीकरण र व्यापारीकरणतर्फ अघि बढ्नुपर्छ। कृषि र वस्तु उत्पादन (म्यानुफ्याक्चरिङ) दुवै क्षेत्रको उत्पादकत्व वृद्धिका निम्तिसमेत सेवाक्षेत्रको प्रभावकारी र नवप्रवर्तक उपयोग आवश्यक छ। यस सन्दर्भमा डिजिटल प्रविधि प्रयोगमार्फत न्यून श्रमनिवेश (लो लेबर इन्पुट) र स्वचालन (अटोमेसन) युक्त उत्पादन प्रक्रियातर्फ परिवर्तन र विश्वव्यापीकरणसहित व्यापार लागतमा न्यूनीकरण (अर्थात् प्रत्यक्ष लागत घटाउने) जस्ता कदम प्रभावकारी हुन्छन्।

> नेपालमा अहिलेको आर्थिक अस्तव्यस्तता, पुँजी र श्रम पलायनको स्थितिजस्ता समस्याबाट मुक्ति पाउन र दिगो आर्थिक विकासका निम्ति विद्यमान अर्थतन्त्रमा संरचनात्मक परिवर्तनको खाँचो छ

सेवाक्षेत्रको अभिवृद्धिका निम्ति सेवा व्यापारलाई बहुराष्ट्रिय/बहुक्षेत्रीय (मल्टिकन्ट्री/मल्टी सेक्टर) मोडेलमा विकसित गरिनुपर्छ। साथै, समग्र सेवाक्षेत्रलाई सीपमुखी प्राविधिक विकासतर्फ र कार्याभ्यासबाट सिक्दै (लर्निङ बाई वर्किङ) थप नयाँ आविष्कारतर्फ निरन्तरउन्मुख गराइरहने नीति आवश्यक हुन्छ। प्रमुख ठूला सेवाक्षेत्रका रूपमा रहेका व्यापार, पारवहन, भ्रमण (पर्यटन) र अन्य व्यावसायिक सेवा (दूरसञ्चार, सूचना प्रविधिजस्ता) उपक्षेत्रमा जोड, वित्तीय सेवाको पहुँच विस्तार, विप्रेषणको उत्पादनमुखी उपयोग र अनुसन्धान र विकास, इन्जिनियरिङजस्ता उत्पादक क्षेत्रसँग सम्बन्धित सेवामा लगानी केन्द्रित गर्नु आवश्यक हुन्छ। यसमध्ये पनि दूरसञ्चार र आइसिटी सेवा निर्यातमा जोड, साना व्यवसायमा इ-कमर्सको प्रयोग र साइबर सेक्युरिटी व्यवस्था, 'प्याटेन्ट राइट प्रोटेक्सन'जस्ता नीति मुलुकको आर्थिक विकासका निम्ति भन्नै महत्त्वपूर्ण र समय सान्दर्भिक हुन्छन्।

अन्य क्षेत्रमा संरचनात्मक परिवर्तन : अर्थतन्त्रको संरचनात्मक परिवर्तनका निम्ति सामाजिक (शिक्षा र स्वास्थ्य) क्षेत्रको संरचनात्मक परिवर्तनको महत्त्वपूर्ण भूमिका हुन्छ। उदाहरणका लागि धेरै शिक्षित घरपरिवार उच्च उत्पादन हुने जातका बालीतर्फ आकर्षित भएको उदाहरण भारतको हरित क्रान्तिले देखाएको छ। दक्ष मानव पुँजी विकासमार्फत श्रमको उत्पादकत्व बढाएर र नयाँ प्रविधिसहित आर्थिक क्रियाकलाप विकास गरेर उत्पादन तथा रोजगारी प्रवर्द्धन गर्न परम्परागत शैक्षिक प्रणालीमा संरचनात्मक परिवर्तन अपरिहार्य छ। यस सिलसिलामा माग र अनुसन्धानमा आधारित नयाँ प्रविधिको उपयोगसहितको शिक्षा प्रणाली विकासका माध्यमबाट रोजगारमूलक, प्राविधिक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु आवश्यक हुन्छ। त्यसैगरी, विद्यमान स्वास्थ्य प्रणालीको संरचनामा परिवर्तन गरी उपचारात्मक मात्र नभई प्रतिरोधात्मक उपायको उपयोगसँगै आधुनिक पूर्वाधार, दक्ष जनशक्ति र नयाँ प्रविधि (डिजिटल) युक्त संस्थासहितको स्वास्थ्य प्रणालीको अभ्यासतर्फ जोड दिनु जरुरी छ। सबै नीतिमा स्वास्थ्य नीति र सबैका लागि स्वास्थ्य (स्वास्थ्य स्रोत वा अधिकारमा सबैको पहुँच प्रवर्द्धन) जस्ता नीतिको प्रभावकारी अवलम्बनबाट नै स्वस्थ जनशक्ति उत्पादन र श्रम उत्पादकत्वको प्रवर्द्धन गर्न सकिन्छ।

अर्थतन्त्रको संरचनात्मक परिवर्तन गर्दा वातावरणीय पक्षमा पनि उत्तिकै ध्यान दिनु आवश्यक छ। जलवायु परिवर्तनको असर र विपत्को न्यूनीकरणका निम्ति विद्यमान प्रविधिमा संरचनात्मक परिवर्तन गरी उत्पादन र उपभोगजन्य कार्बन उत्सर्जनको न्यूनीकरण र हरित प्रविधि (ग्रिन टेक्नोलोजी) को विकासतर्फ केन्द्रित हुनु जरुरी भइसकेको छ। अझै महत्त्वपूर्ण त सिंगो मुलुक हाँक्ने राजनीतिलाई सुदखोरबाट सेवामुखी, उपभोगवादीबाट उत्पादनमुखी प्रवृत्तितर्फ बदल्दै विकासको विद्यमान मोडेलमै परिवर्तन आवश्यक छ। साथै, मुलुकभित्र हाबी भइरहेको नकारात्मक सोचको विस्थापन र सकारात्मक सोचको विकाससहितको सांस्कृतिक परिवर्तनको खाँचो छ। अन्ततः नेतृत्व र नागरिकमा परिवर्तनप्रतिको दृढ इच्छाशक्ति, लगनशीलता, स्वावलम्बन र सहकार्यको भावना जागृत गर्न सकिए मात्र मुलुकमा सबैखाले संरचनात्मक परिवर्तन र रूपान्तरण सम्भव हुन्छ।

(डा. पन्त बागमती प्रदेशको नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष हुन्)

---

३ प्रश्न

समाजशास्त्री **प्रकाश राईलाई**



हाम्रो समाजमा परिवारका सदस्य तथा चिनजानका व्यक्तिबाटै हुने हत्याका घटना किन बढिरहेका छन् ?

परिवारका सदस्य या चिनजानका व्यक्तिबाट हुने हत्यामा पनि कसले कसको हत्या गऱ्यो भनेर हेर्नुपर्ने हुन्छ। पुरुषले महिलाको हत्या गऱ्यो कि महिलाले पुरुषको ? श्रीमान्ले श्रीमतीको हत्या गऱ्यो कि श्रीमतीले श्रीमान्को ? धनीले गरिबको हत्या गऱ्यो कि गरिबले धनीको ? शक्तिशालीले शक्तिहीनको हत्या गऱ्यो कि शक्तिहीनले शक्तिशालीको ? यस्ता अधिकांश हत्या राम्री चिनजानकै व्यक्तिबाट हुनुको कारण उसले आफ्नो 'टार्गेट' को हैसियत राम्री बुझेको हुन्छ। उसको कमजोरी थाहा पाएको हुन्छ। जसले गर्दा ऊ अपराध कर्म गर्न उत्साहित हुन्छ। त्यसैले, यस्ता अधिकांश घटनामा परिवारभित्रैका र चिनजानका व्यक्तिहरू संलग्न देखिएका हुन्।

यस्ता घटना बढ्नुमा हाम्रो समाज कति जिम्मेवार हुन्छ ?

मुख्य जिम्मेवार नै समाज हो। समाजमा बसोबास गर्ने मानिसहरूबीचको सम्बन्ध यस्ता घटनामा विशेष जिम्मेवार हुन्छ। यो समाजभित्रको संरचना र सामाजिक संस्कारसित पनि जोडिएको हुन्छ। सामाजिक संरचनाले सम्बन्धहरूको निर्धारण गरेको हुन्छ। त्यही सम्बन्धले व्यक्ति व्यक्तिबीच भिन्नता सिर्जना गर्छ। त्यसैले, यस्ता घटनामा मुख्यगरी समाज र त्यसले निर्धारण गर्ने सम्बन्धको विशेष भूमिका हुन्छ।

यस्ता घटना न्यूनीकरण या रोकथाम गर्न सकिन्छ कि सकिन्न ?

सकिन्छ। यसका लागि सबैभन्दा पहिला हाम्रो परम्परागत ऐतिहासिक सामाजिक संरचनाको सोपान सच्याउनुपर्छ। त्यसलाई सच्याइएन भने कडा कानुन ल्याउँदैमा मात्र यसको सामान्य न्यूनीकरण सम्भव भए पनि निर्मूलीकरण सम्भव छैन।

प्रेरक प्रसंग

मानवसेवा नै धर्म हो

एक साधु आफ्ना शिष्यका साथ कुम्भ मेलाको भ्रमणमा थिए। भ्रमणका क्रममा उनले एक बाबाले आँखा चिम्लेर माला जपिरहेको देखे। ती बाबा पटक-पटक आँखा खोलेर यात्रुले कति दान दिएछन् भनेर हेर्दै थिए। यो सब देखेपछि साधु मुसुक्क मुस्कुराए अघि बढे।

केहीअघि पुगेपछि उनले वरिपरि चेलाहरूलाई राखेर एक पण्डितले भागवत पाठ गरिरहेको देखे। पण्डितको अनुहार यन्त्रवत् थियो। उनको शब्द र भावबीच कुनै संगति थिएन। पण्डितलाई देखेर साधु खितखिताउँदै हाँसे र अघि बढे। अलिकति अघि पुगेपछि उनले एक व्यक्तिलाई रोगीको सेवा गरिरहेको अवस्थामा देखे। ती व्यक्तिले रोगीको घाउ मनतातो पानीले धोएर सफा गरिरहेका थिए। उनले आफ्नो मिठो बोलीले ती रोगीलाई वेलावेलामा सान्त्वना पनि दिइरहेका थिए। यो देख्दा साधुका आँखा रसाए। उनी चेलाहरूले नदेखून् भनेर अर्कापट्टि फर्केर आँसु पुछेर अघि बढे।



केही समय कुम्भ मेलाको दृश्यावलोकनपछि साधु र उनका शिष्य आश्रम फर्किए। आश्रम पुगेपछि उनका एक शिष्यले हात जोडेर प्रश्न गरे- गुरुदेव, मेलामा घुम्दै गर्दा माला जपेको र भागवत पाठ गरेको स्थानमा हजुर हाँस्नुभयो।

पछि रोगीको सेवा गरिरहेको स्थानमा पुग्दा भने रुनुभयो। यसको कारण के हो ? हामी यसको रहस्य थाहा पाउन चाहन्छौं।

शिष्यको जिज्ञासा सुनेपछि साधुले भने- मेला भ्रमणको क्रममा मैले जे देखें, तिमीहरूले पनि सायद त्यही देख्यौ। पहिलो दुई स्थानमा भगवान्का नाममा आडम्बरसिवाय केही थिएन। त्यसैले, उनीहरूको आडम्बर देखेर मलाई हाँसो उठ्यो। तर, जब मैले ती रोगीको सेवामा खटिएका व्यक्तिलाई देखें, तब उनको सेवाप्रतिको समर्पण देख्दा मेरा आँखा आँसुले डम्म भरिए। यथार्थमा धर्मको मर्म मानवसेवा नै हो। तेस्रो व्यक्ति यस तथ्यबाट पूर्णतः परिचित थिए। त्यसैले, उनी भगवान्का सच्चा भक्त हुन्।

टिप्पणी nayapatrikaofficial @naya_patrika

मूर्तिहरू फर्काउन पहल गरौं

नेपालबाट चोरिएका ९६ ऐतिहासिक मूर्ति तथा वस्तु विदेशका म्युजियममा भेटिएको समाचार पढियो। तर, त्यस्ता ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका सामग्री फर्काएर ल्याउन पर्याप्त कूटनीतिक पहल र आर्थिक अभावले गर्दा कठिनाइ भइरहेको सुन्दा दुःख लाग्यो। देशका यस्ता पुरातात्त्विक र ऐतिहासिक महत्त्वका चोरिएका सामग्री भेटिँदा पनि फर्काएर ल्याउन पर्याप्त पहल नहुनु गम्भीर चिन्ताको विषय हो। यस सम्बन्धमा राज्यको सम्बन्धित मन्त्रालय र अन्य सरोकारवाला निकायको अविलम्ब ध्यान जाओस्। यस्ता ऐतिहासिक सामग्री फिर्ता ल्याउने विषयमा बलियो कूटनीतिक लबिङ गर्ने हो भने सम्बन्धित मुलुकले आर्थिक भार आफैंले वहन गरी फर्काइदिन पनि सक्छन्। त्यसैले, यस विषयमा अविलम्ब आवश्यक पहल गरौं।

● **सन्तोषी महर्जन**, कीर्तिपुर, काठमाडौं

महानगरको सकारात्मक पहल

काठमाडौं महानगरको सकारात्मक पहलपछि महानगरत्रिका निजी अस्पतालमा अब विपन्नलक्षित निःशुल्क उपचार हुने समाचार पढ्दा खुसी लाग्यो। तर, त्यस्तो सुविधा कस्ता खालका नागरिकले कसरी प्राप्त गर्ने हुनु, यसबारे महानगरले प्रस्ट पार्न सक्नुपर्छ। साथै, महानगरमा स्थायी बसोवास गर्नेले मात्र सो सुविधा प्राप्त गर्ने हुनु कि बाहिरबाट आएर महानगरभित्र बसोवास गर्ने सबैले प्राप्त गर्ने हुनु ? यसबारे पनि महानगरले प्रस्ट पार्नु जरुरी छ।

● **वन्दना कोजू**
कुलेश्वर, काठमाडौं

निर्वाचन प्रणालीमा सुधार गर

निर्वाचन प्रणालीका कारण चुनाव महँगो हुँदै गएको, खर्च धेरै नगरी जित्न नसकिने अवस्था भएको, महँगो निर्वाचन खर्चका कारण देशमा भ्रष्टाचार बढेको जस्ता गुनासा राजनीतिक वृत्तबाट उठिरहेको समयमा संसदीय समितिमा निर्वाचन आयोगका पदाधिकारी र सांसदबीच छलफल भएको छ। निर्वाचन प्रणालीमा सुधार ल्याउने दलहरूले नै हो। अब उनीहरूले एकातिर प्रणालीमा सुधार ल्याउनु छ भने अर्कातिर त्यसको इमानदार कार्यान्वयन गरेर देखाउनु छ।

● **सुशील घिसिङ**
इमाडोल, ललितपुर

बैठक/सम्मेलन कर्मकाण्डी नबनून्

माओवादीको विधान सम्मेलन ३ फागुनमा सम्पन्न भयो भने ७ फागुनदेखि कांग्रेसको माहासमिति बैठक सुरु हुँदै छ। यी दुवै बैठक/सम्मेलनमाथि आमनागरिकको ध्यान केन्द्रित भइरहेको छ। यी दुवै पार्टीका बैठक या सम्मेलनले निर्धारण गर्ने नीतिले मुलुकमा सुशासन ल्याउने, विकासलाई सघाउने, भ्रष्टाचार अन्त्य गर्ने सामर्थ्य राखोस् भन्ने चाहन्छन्। तर, हाम्रा ठूला पार्टीका ठूला नेताहरू जनताको चाहना सम्बोधन गर्नबाट जहिल्यै चुकिरहेका छन्। यसर्थ, यस्ता बैठक/सम्मेलन केवल कर्मकाण्डी मात्र बन्ने गरेका छन्। यिनले आन्तरिक सुधार नगरे ०८४ को चुनावमा जनताको मत पाउने सपना नदेखे पनि हुन्छ।

ठूला दलका अधिकांश नेताको मुख्य ध्याउन्न नै विधान र नीतिमा चलखेल गरी पार्टी र सत्तामा जहिल्यै कब्जा गरौं र राजकीय पदमा आजीवन आफू र आफ्ना परिवारका सदस्य मात्र बस्ने वातावरण बनोस् भन्ने चाहन्छन्। त्यसैका लागि गुट या उपगुट बनाउने र पार्टी तथा सत्तामा कब्जा गर्ने रणनीति बुनिने गर्छ। पार्टीहरूका आन्तरिक नीति र विधान कडा भइदिएको भए यतिखेर न प्रचण्ड ३५ वर्षसम्म माओवादीका अध्यक्ष बनिरहन पाउँथे, न त शेरबहादुर देउवा नै छैटौंपटक प्रधानमन्त्री बन्न खुट्टा उचालेर बस्ने थिए। यसर्थ, कुन पदमा कतिपटक चुनाव लड्न पाइन्छ ? कतिपटक पदाधिकारीमा दोहोरिन पाइन्छ ? कति उमेरसम्म राजनीतिमा सक्रिय हुन पाइन्छ ? भन्ने विषय पार्टीको नीति र विधानमा स्पष्ट उल्लेख भए सधैं पदमा बसेर पार्टीमाथि कब्जा जमाउने गलत परम्परा अन्त्य हुने थियो। त्यसैले, पार्टीहरूका बैठक/सम्मेलन कर्मकाण्डी नबनून्।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं

हरित क्रान्तिको विषाक्त विरासत

हरित क्रान्तिले भारतलाई खाद्य आत्मनिर्भरता हासिल गर्न मद्दत गरेको भए पनि यसले देशको पोषण सुरक्षालाई कमजोर बनाएको छ

देश/विदेश



● जायती घोष

विश्वमा तीन लाख ९० हजारभन्दा बढी पहिचान गरिएका वनस्पति प्रजाति छन्, तर केवल तीन प्रजाति धान, मकै र गहुँ प्रधान छन्। यी तीन वनस्पतिले आहार पोषणको करिब ६० प्रतिशत हिस्सा ओगट्छन्। यी तीन अन्नको प्रभुत्वको श्रेय मुख्यतया ठूला प्राविधिक सफलतामा जान्छ। विशेषतः सन् १९६० को हरित क्रान्तिको समयमा धान र गहुँको उच्च-उत्पादन विविधता (एचवाइभिएस) को विकासमा जान्छ।

यी नवप्रवर्तनले ठूला लाभ निम्त्याएका थिए। यी नवप्रवर्तनले मूलतः खाद्यान्नमा मानिसको पहुँच बढाएको थियो र करोडौं मानिसलाई भोकमरीबाट जोगाएको थियो। तर, उपज बढेको कृषि उत्पादनले अन्य समस्या पनि ल्याएको छ र यी समस्या विशेषतः खेती प्रक्रियामा देखिएको छ। उल्लेखनीय रूपमा एचवाइभिएस बिउको बढेको उत्पादकत्व भरपर्दो सिँचाइको उपलब्धता र विभिन्न रसायन विशेषतः मल र कीटनाशकको प्रयोगमा धेरै निर्भर छ।

नतिजा एचवाइभिएस बिउको प्रयोगले नहर सिँचाइको अत्यधिक प्रयोग र त्यसपछि पानी जम्ने समस्या निम्त्याएको छ। यसले किसानलाई अर्ध-सुक्खा क्षेत्रमा पनि भूमिगत सिँचाइमा भर पर्न बाध्य पारेको छ। त्यसैगरी एचवाइभिएस बिउमा आधारित खेती गरिएपछि नाइट्रोजनमा आधारित मलको प्रयोग पनि नाटकीय रूपमा बढेको छ।

पहिलो त एचवाइभिएस बिउमा किरा लाग्ने सम्भावना अत्यधिक हुन्छ, त्यसमाथि यी बिउको खेती एक मौसममा एकपटक मात्र गरिन्छ। नतिजा रासायनिक कीटनाशकको व्यापक एवं अन्धाधुन्ध प्रयोग हुन्छ, जसले बोटबिरुवा र अन्नमा अवशिष्ट विषाक्तता निम्त्याउँछ। कीटले यी रासायनिक कीटनाशक प्रतिरोध विकास गर्दै गर्दा प्राकृतिक रूपमा कीटप्रतिरोधी हुने गरी आनुवंशिक रूपमा परिमार्जित बालीको विकाससहित नयाँ प्राविधिक समाधान सतहमा नआएका होइनन्। यद्यपि यी प्रविधि मापन-तटस्थ छन्, अर्थात् यी प्रविधिका लागि आवश्यक लगानी र बजारमा सबैको पहुँच सामान्यतया छैन। नतिजा ठूला किसानले असमान रूपमा लाभ उठाउँछन् र कृषि असमानता थपिन्छ।

यी चुनौतीमा नयाँ चुनौती थपिएका छन्। विशेषज्ञ अहिले उच्च उब्जनी हुने बालीको बिग्रँदै गएको पोषण तत्त्वबारे दिनानुदिन चिन्तित हुँदै गएका छन्। उदाहरणका लागि हालैको एक अध्ययनअनुसार हरित क्रान्तिले भारतलाई खाद्य आत्मनिर्भरता हासिल गर्न मद्दत गरेको भए पनि यसले देशको पोषण सुरक्षालाई कमजोर बनाएको छ। विशेषज्ञले सन् १९६० देखि २०१८ सम्म भारतका करिब एक हजार पाँच सय धान र गहुँका प्रजातिको गुणस्तर र सम्भावित विषाक्तता जाँचेर विश्लेषण गरेका थिए। यो विश्लेषणको माध्यमबाट विशेषज्ञले उच्च-उत्पादन विविधता (एचवाइभिएस) केन्द्रित प्रजनन कार्यक्रमका दीर्घकालीन प्रभाव पत्ता लगाउन खोजेका थिए। विशेषज्ञले यी कार्यक्रमले अन्नको पोषण संरचनालाई परिवर्तन गरेको पाएका थिए। यी कार्यक्रमले अन्नको आहारगत फाइदामा उल्लेखनीय कमी ल्याएको थियो र अन्नमा हानिकारक पदार्थमा बढोत्तरी गरेको थियो। छोटकरीमा भन्नुपर्दा पोषण वृद्धि गर्न यी अन्नको खेती गरिएको थियो, तैपनि उत्पादन वृद्धिमा गरिएको जोडले अन्नको पोषण मूल्यमा उल्लेखनीय रूपमा सम्झौता भएको थियो। भारतका दुई सबैभन्दा महत्त्वपूर्ण खाद्य पदार्थ धान र गहुँमा अत्यावश्यक पोषक तत्त्व जस्ता र फलामको स्तर उल्लेखनीय रूपमा घटेको छ। विशेषतः



तस्बिर : नासिर कच्चु/सुरफोटो

धानमा जस्ताको मात्रामा ३३ प्रतिशत र फलामको मात्रामा २७ प्रतिशत कमी आएको छ भने गहुँमा जस्ता र फलामको मात्रा क्रमशः ३० प्रतिशत र १९ प्रतिशतले घटेको छ। थप चिन्ताजनक रूपमा धानमा आर्सेनिकको मात्रा एक हजार चार सय ९३ प्रतिशतले बढेको छ। यी निष्कर्षले यी अन्न उपभोग गर्नेमाथि दूरगामी स्वास्थ्य प्रभाव पर्छ भन्ने देखाएको छ। विशेषज्ञले 'बलियो प्रमाण'को हवाला दिँदै 'धातु विषाक्त पदार्थको मौखिक सेवन'ले 'फोक्सोको क्यान्सर वा पुरानो श्वासप्रश्वास रोग, हृदय रोग, हाइपरकेराटोसिस, मिर्गौला विषाक्तता र हड्डीको क्यालिफिकेसनमा खराबी'जस्ता गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्ने चेतवनी दिएका छन्। हरित क्रान्तिको लक्ष्य अर्थात् धान र गहुँजस्ता मुख्य अन्नको बढ्दो खपतले भारतको पहिल्यैदेखि समस्याग्रस्त रोगको बोझलाई बढाउन सक्छ।

मुख्य बालीको उत्पादन बढाउन एचवाइभिएसमा धेरै भर परेका अन्य धेरै देशमा पनि भारतकै जस्तो अवस्था छ। उदाहरणका लागि हालै बनेको एलाइन्स फर अ ग्रिन रेभोल्युसन इन अफ्रिकाले अपेक्षित पोषण लाभ प्रदान गर्न असफल भएको कृषिको पुरानो औद्योगिक मोडेलको पैरवी जारी राखेको छ। मैले पहिल्यै तर्क गरेझैं पोषणलाई एक मौसमी खेतीम

भारतमा किसान च्यालीमा प्रहरी हस्तक्षेप

नयाँदिल्ली / भारतमा मंगलबारदेखि हजारौँ किसान च्यालीमा उत्रिएका छन् । किसान तिनका ट्र्याक्टर र ट्रकका साथ देशको राजधानी नयाँदिल्लीतिर लागिरहेका छन् । प्रशासनले भने किसानको च्याली राजधानी प्रवेश गर्न विभिन्न अवरोध सिर्जना गरेको छ । सरकारी अधिकारीले किसानको च्यालीलाई रोक्नकै लागि राजधानीतर्फ जाने राजमार्गमा ब्यारिकेड, काँडेतार र अन्य भारी औजार राखेका छन् । पन्जाब-हरियाणा सीमाको शम्भु गाउँमा बिहीबार प्रदर्शनकारीले यस्तै ब्यारिकेड भत्काउने प्रयास गर्दा हरियाणा प्रहरीले अश्रुग्यास प्रहार गरेका थिए । हरियाणा राजधानी नयाँदिल्लीसँग जोडिएको राज्य हो । यहाँ प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टीको सरकार छ । अहिलेको किसान प्रदर्शन दुई वर्षपहिले नयाँदिल्लीको बाहिरी भेगमा भएको प्रदर्शनको निरन्तरता भएको बताइएको छ ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/१६६
टोल फ्रि नं. १६६००-११-३०००
E-mail:customercare@kamanasewabank.com
www.kamanasewabank.com

थप जानकारीको लागि QR Code Scan गर्नुहोस्

यस बैंकको बर्दिबास शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति (सवारी साधन) लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

प्रकाशित मिति : २०८०/११/०४

यस विकास बैंकको बर्दिबास शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीले सवारी कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्ति गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (सवारी साधन) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं	ऋणीको विवरण	धनजमानीकर्ताको विवरण	धितोमा रहेको सम्पत्तिको विवरण
१.	**श्री सम्राट सप्लायर्स** **प्रा.फ.र.नं : १७६००/२३८५/०७७/०७८** ठेगाना : मिथिला बिहारी न.पा वडा नं. -०७, धनुषा दर्ता गर्ने कार्यालय : उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषा स्थायी लेखा नं : ६१५७७२८७९ **प्रोप्राईटर/धनजमानीकर्ता : अमोद साह** **ना.प्र.नं. : ९२९४२१७३** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, धनुषा बाबु : नथुनी साह तेली बाजे : राजेश्वर साह ठेगाना : तारापट्टी सिरसिया गा.वि.स वडा नं. ०६, हाल मिथिला बिहारी न.पा. वडा नं. ०६, धनुषा **शाखा कार्यालय: बर्दिबास** **कर्जा शीर्षक : सवारी कर्जा**	**रन्जु देवी साह** **ना.प्र.नं.: १७१०५२/५७६** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, धनुषा पति : अमोद साह ससुरा : नथुनी साह तेली ठेगाना : तारापट्टी सिर्सिया वडा नं.०६, हाल मिथिला बिहारी न.पा. वडा नं.०७, धनुषा **सतिश कुमार साह** **ना.प्र.नं. १७१०६४/२७४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनुषा बाबु : राम विलास साहु तेली बाजे : अर्सफी साह ठेगानाः धनुषा जिल्ला कनकपट्टी -०२ हाल जनकपुर उ.म.न.पा वडा नं -०१	१) कामना सेवा विकास बैंकको नाममा श्री सम्राट सप्लायर्स ऋणी कायम भई यातायात व्यवस्था कार्यालय, पर्सा, वीरगंजमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (सवारी साधन) । **सवारी साधनको विवरण** मोडल: TERRA 25 G BOGI 9S बनेको साल: 2021 दर्ता नं.: PRA 2-03-001 KA 1584 इन्जिन नं.: 12C84524065 च्यासिस नं.: MC2L4GRC0MC008679 कम्पनी: VE Commercial Ltd. **सवारी साधनको विवरण** मोडल: TERRA 25 G BOGI 9S बनेको साल: 2021 दर्ता नं.: PRA 2-03-001 KA 1583 इन्जिन नं.: 12C84524063 च्यासिस नं.: MC2L4GRC0MC008676 कम्पनी: VE Commercial Ltd. **सवारी साधनको विवरण** मोडल: TERRA 25 G BOGI 9S बनेको साल: 2021 दर्ता नं.: PRA 2-03-001 KA 1582 इन्जिन नं.: 12C84524203 च्यासिस नं.: MC2L4GRC0MC008696 कम्पनी: VE Commercial Ltd. **सवारी साधनको विवरण** मोडल: TERRA 25 G BOGI 9S बनेको साल: 2021 दर्ता नं.: PRA 2-03-001 KA 1580 इन्जिन नं.: 12C84524072 च्यासिस नं.: MC2L4GRC0MC008678 कम्पनी: VE Commercial Ltd. **सवारी साधनको विवरण** मोडल: TERRA 25 G BOGI 9S बनेको साल: 2021 दर्ता नं.: PRA 2-03-001 KA 1581 इन्जिन नं.: 12C84524199 च्यासिस नं.: MC2L4GRCOMC008691 कम्पनी: VE Commercial Ltd.
२.	**जिवछ साह सुडी** **ना.प्र.नं. : २६३२१७८२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनुषा । बाबु : बलदेव साह सुडी बाजेः बिलट साह सुडी ठेगाना : धनुषा गोविन्दपुर-०४ हाल धनुषाधाम-०१, धनुषा । **शाखा कार्यालय : बर्दिवास** **कर्जा शीर्षक : सवारी कर्जा**	**किरण महासेठ** **ना.प्र.नं. : १७३०४७/५७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनुषा । पतिः जिवछ साह सुडी ससुरा : बलदेव साह सुडी ठेगाना : धनुषा गोविन्दपुर-०४ हाल धनुषाधाम-०१, धनुषा ।	१) कामना सेवा विकास बैंकको नाममा जिवछ साह सुडी ऋणी कायम भई यातायात व्यवस्था कार्यालय, पर्सा, वीरगंजमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (सवारी साधन) । **सवारी साधनको विवरण** मोडल: TERA 25 G BOGI 9S बनेको साल: 2021 दर्ता नं.: PRA. 2-03-001 KHA 5855 इन्जिन नं.: 12D84524932 च्यासिस नं.: MC2L4GRC0ME008709 कम्पनी: VE COMMERCIAL LTD.

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (सवारी साधन) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।

२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (सवारी साधन) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक व्यहोरा लेखिएको भए अक्षरमा लेखिएको व्यहोरालाई मान्यता दिईनेछ ।

४. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (सवारी साधन) वा कुनै एक सवारी साधन समेत खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।

५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।

६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।

७. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनका(सवारी साधने ३:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम बिक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्बन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (सवारी साधन) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।

९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।

१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।

११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।

१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पूनश्च : उल्लिखित ऋणी /प्रोप्राईटर/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दे-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सांविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन ।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:
बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८०/११/१० गते र बोलपत्र खोलिने मितिः २०८०/११/११
समयः दिनको ३:०० बजे
सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर

सडक डिभिजन, धनकुटा
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(प्रकाशित मिति २०८०।११।०४)

यस डिभिजन द्वारा मिति २०८०।०९।१० गतेको कारोबार दैनिक एवं (https/w.w.w.bolpatra.gov.np/egp) मा प्रकाशित सूचना नं. ०४-०८०।८१ अन्तर्गत तपशिल मा उल्लेखित ठेक्का नं का लागि (Single Stage Double Envelope) अन्तर्गत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल वमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनत्तम मूल्याँकित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

सि. न.	ठेक्का नं.	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (भ्याट सहित)
1	RD-DKT/337310113/080/081/Peri/17	1. Shah Nirman Sewa, Inaruwa-1, Sunsari	10,70,40,888.50

डिभिजन प्रमुख

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७०/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलका क्रेडिटकार्ड होल्डरहरुले उपभोग गरेको क्रेडिटकार्ड बापत बुझाउनु पर्ने बाँकी साँवा, ब्याज लगायतका अन्य बक्यौता र कम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई क्रेडिट कार्ड कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो बाँकी साँवा ब्याज लगायतका अन्य बक्यौता रकम भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपशिलका क्रेडिटकार्ड होल्डरहरुको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको क्रेडिट कार्डको सम्पूर्ण बाँकी साँवा, ब्याज र अन्य बक्यौता रकम भुक्तान गर्नुहोला । अन्यथा बाँकी बक्यौता भुक्तानी नगर्ने क्रेडिटकार्ड होल्डरहरुको नाम कालोसूचीमा समावेश गर्नुका साथै प्रचलित ऐन कानुन तथा यस बैंकसंग गरेको लिखत बमोजिम बैंकको आफ्नो लेना रकम असुल उपर गरिने छ ।

तपसिल

ऋणीहरुको विवरण

१) दिपक बोहरा ना.प्र.प.नं. : २५४३ ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.प.म.न.पा वडा नं. १३ बाबु : लक्ष्मन बोहरा बाजे : रन बहादुर बोहरा कर्जा शिर्षक : क्रेडिट कार्ड	**२) मनोज कुमार राउत** ना.प्र.प.नं.: ३४१००४/२४९ स्थायी ठेगाना : पर्सा जिल्ला, बराही गा.वि.स वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, विराजगं म.न.पा. वडा नं. २८ बाबु : लक्ष्मी राउत कुर्मी बाजे : लंगादु राउत कुर्मी कर्जा शिर्षक : क्रेडिट कार्ड	**३) पवित्रा शर्मा ज्ञवाली** ना.प्र.प.नं. : ३८२०६०/१५१६६ स्थायी ठेगाना: गुल्मी जिल्ला, रुरु गाँ.पा वडा नं. ४ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.प.म.न.पा वडा नं. ११ बाबु : नरिश्वर शर्मा पति : बसन्त कुमार ज्ञवाली ससुरा : रविलाल ज्ञवाली कर्जा शिर्षक : क्रेडिट कार्ड	**४) अरहुलिया यादव** ना.प्र.प.नं. : १२२३ स्थायी ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स वडा नं. ३ हालको ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ बाबु : बुटन यादव पति : राजेन्द्र यादव ससुरा : हंसलाल यादव कर्जा शिर्षक : क्रेडिट कार्ड
५) हरिश्चन्द्र सैथवार ना.प्र.प.नं. : ११६६ स्थायी ठेगाना: रुपन्देहि जिल्ला, गोनहा गाँउ पञ्चायत वडा नं. १ हालको ठेगाना:रुपन्देहि जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ८ बाबु : राम नवल सैथवार बाजे : सुखराज सैथवार कर्जा शिर्षक : क्रेडिट कार्ड	**६) तुल्सा चौधरी** ना.प्र.प.नं. : ३६३०२९/३६३ स्थायी ठेगाना: नवलपरासी जिल्ला, नारायणी गा.वि.स वडा नं. ६ हालको ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा वडा नं. ४ बाबु : नेत्र बहादुर चौधरी पति : हिरामणि चौधरी ससुरा : मेघनाथ थारु कर्जा शिर्षक : क्रेडिट कार्ड	**७) रितेश मंगल** ना.प्र.पं.नं. : ०१२८१३७१ स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा वडा नं. १ बाबु : ब्रह्मानन्द मंगल बाजे : घनश्याम दास मंगल कर्जा शिर्षक : क्रेडिट कार्ड	**८) ढुण्डी राज पुरी** ना.प्र.प.नं. : ४०४८८ स्थायी ठेगाना : सिरहा जिल्ला, नारायणी गा.वि.स वडा नं. ९ हालको ठेगाना:नवलपरासी जिल्ला, मध्यविन्दु न.पा वडा नं. ५ बाबु : डोलराज भण्डारी बाजे : बेनी मधु भण्डारी कर्जा शिर्षक : क्रेडिट कार्ड
९) निराज के.सी ना.प्र.पं. नं. : १११११ /५९८ स्थायी ठेगाना: ओखलढुंगा जिल्ला, ओखलढुंगा गा.वि.स/ उ.म.न.पा वडा नं. २ हालको ठेगाना:ललितपुर जिल्ला, महालक्ष्मि न.पा वडा नं. १ बाबु : देवी बहादुर के.सी बाजे : दल बहादुर के.सी कर्जा शिर्षक : क्रेडिट कार्ड	**१०) बिबेक देब पाण्डे** ना.प्र.पं. नं. : १५८११ स्थायी ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २४ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ५ बाबु : राजेश देब पाण्डे बाजे : जनक देब पाण्डे कर्जा शिर्षक : क्रेडिट कार्ड	**११) इनरजीत प्रसाद पटेल** ना.प्र.पं. नं. : ०४४९३२४९३ ठेगाना : पर्सा जिल्ला, बागेश्वरी गा.पा वडा नं. ३ बाबु : जय गोविन्द राउत बाजे : बालदेव राउत कर्जा शिर्षक : क्रेडिट कार्ड	**१२) शम्भुनाथ मिश्र** ना.प्र.प.नं. : २२१७३२८९ ठेगाना: सर्लाही जिल्ला, मंलगवा न.पा. वडा नं. १० बाबु : अमरेन्द्र कुमार मिश्र बाजे : नारायण मिश्र कर्जा शिर्षक : क्रेडिट कार्ड
१३) भोगेन्द्र राउत ना.प्र.प.नं.: ५६०/१५९३ स्थायी ठेगाना : सिरहा जिल्ला, कल्याणपुर नगर/गाँउ पञ्चायत वडा नं. ८ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बाबु : सिताराम कुर्मि बाजे : मनरुप राउत कुर्मि कर्जा शिर्षक : क्रेडिट कार्ड	**१४) ललिता सिंह** ना.प्र.प.नं.: १५३०६८ /७०५ स्थायी ठेगाना : सिरहा जिल्ला, चन्द्रोदयपुर गा.वि.स वडा नं. ९ हालको ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ९ बाबु : जिवराज महतो पति : सकलदेव सिंह ससुरा : मनुलाल सिंह कर्जा शिर्षक :क्रेडिट कार्ड	**१५) राधे श्याम साह** न.प्र.प.नं. : २७२९४६४६ स्थायी ठेगाना : धनुषा जिल्ला, दुहवी गा.वि.स वडा नं. ४ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : सत्य नारायण प्रसाद साह बाजे : थकाई साह कर्जा शिर्षक : क्रेडिट कार्ड	**१६) अनिल राउत कूर्मी** ना.प्र.पं.नं. : ३३३०२१/१२४७ स्थायी ठेगाना: बारा जिल्ला, जिल्ला, बिश्रामपुर गा.वि.स वडा नं. ८ हालको ठेगाना:काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ११ बाबु : बचन राउत कूर्मी बाजे : सुखल राउत कूर्मी कर्जा शिर्षक : क्रेडिट कार्ड
१७) सुशिल कुमार गुप्ता ना.प्र.पं.नं.:१९३०५७ /९५४ स्थायी ठेगाना : सर्लाही जिल्ला, फरहदवा गा.वि.स वडा नं. ५ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १३ बाबु : सुरेन्द्र गुप्ता बाजे : शहदेब गुप्ता कर्जा शिर्षक : क्रेडिट कार्ड	**१८) कर्ण बहादुर अधिकारी** ना.प्र.पं.नं.:८०४१२/८१४१२ ठेगाना : सुनसरी जिल्ला, ईटहरी उप.म.न.पा वडा नं. ३ बाबु : छत्र बहादुर अधिकारी बाजे : बैजनाथ अधिकारी कर्जा शिर्षक : क्रेडिट कार्ड	**१९) शेषनाथ प्रसाद चौरसिया** ना.प्र.पं.नं. : ०५२३३५०१ स्थायी ठेगाना : पर्सा जिल्ला, बहुअर्वाभाठा गा.वि.स वडा नं. १ हालको ठेगाना : पर्सा जिल्ला, बिन्दबासिनी गा.पा वडा नं. २ बाबु : रामधकबाल प्रसाद बरै बाजे : शिवशरण राउत बरै कर्जा शिर्षक : क्रेडिट कार्ड	**२०) दिपक सुनार** ना.प्र.पं. नं. : ७४३३ ठेगाना: काठमाडौं जिल्ला,विष्णु बुढानिलकण्ठ न.पा वडा नं. ३ बाबु : कृष्ण बहादुर सुनार बाजे : बुद्धिमान सुनार कर्जा शिर्षक : क्रेडिट कार्ड
२१) छवी लावती ना.प्र.पं. नं. : ८१०४ स्थायी ठेगाना : पाचथर जिल्ला, फिदिम गाँउ पञ्चायत वडा नं. २ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ७ बाबु : भविन्द्र लावती बाजे : शेरबहादुर लावती कर्जा शिर्षक : क्रेडिट कार्ड	**२२) विजय बहादुर बम** ना.प्र.पं. नं. : २४७९/३३९ स्थायी ठेगाना: कैलाली जिल्ला, प्रतापपुर गा.वि.स वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, ठिकापुर न.पा वडा नं. १ बाबु : गोपाल बहादुर बम बाजे : रतन सिंह बम कर्जा शिर्षक : क्रेडिट कार्ड	**२३) डिल्ली माया चाम्लागाई** ना.प्र.पं.नं. : ६९१२२९१३ स्थायी ठेगाना: झापा जिल्ला, पाचगाछी गा.वि.स वडा नं. ६ हालको ठेगाना : झापा जिल्ला, कन्काई न.पा वडा नं. ३ बाबु : केदारनाथ चाम्लागाई पति : सोमनाथ उप्रेती ससुरा : छविलाल उप्रेती कर्जा शिर्षक : क्रेडिट कार्ड	**२४) शोभाकान्त भण्डारी** ना.प्र.पं.नं. : ३९-०१-७०-०५६८६ स्थायी ठेगाना: रुपन्देही जिल्ला, तिलोत्तमा न.पा वडा नं. १५ हालको ठेगाना: रुपन्देही जिल्ला, तिलोत्तमा न.पा वडा नं. १३ बाबु : डोलराज भण्डारी बाजे : बेनी मधु भण्डारी कर्जा शिर्षक : क्रेडिट कार्ड
२५) निराज के.सी ना.प्र.पं. नं. : १११११ /५९८ स्थायी ठेगाना: ओखलढुंगा जिल्ला, ओखलढुंगा गा.वि.स/ उ.म.न.पा वडा नं. २ हालको ठेगाना:ललितपुर जिल्ला, महालक्ष्मि न.पा वडा नं. १ बाबु : देवी बहादुर के.सी बाजे : दल बहादुर के.सी कर्जा शिर्षक : क्रेडिट कार्ड	**२६) राज कुमार चौधरी** ना.प्र.पं. नं. : ८४७६/९४७६ स्थायी ठेगाना : सुनसरी जिल्ला, सतेरझोरा गा.वि.स वडा नं. ५ हालको ठेगाना : सुनसरी जिल्ला, ईनरुवा न.पा वडा नं. २ बाबु : पवन दास थारु बाजे : भोसाई दास थारु कर्जा शिर्षक : क्रेडिट कार्ड	**२७) पुजा लोहनी** ना.प्र.पं.नं. : १५-०२-७५-००५४२ स्थायी ठेगाना : सिरहा जिल्ला, लहान न.पा वडा नं. ७ हालको ठेगाना:ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ६ बाबु : मदन विश्वकर्मा बाजे : अंगाद विश्वकमा कर्जा शिर्षक : क्रेडिट कार्ड	**२८) ईश्वर चन्द्र मिश्रा** ना.प्र.पं.नं. : ५/७१८८ स्थायी ठेगाना: रुपन्देही जिल्ला, हाटी बनगाई गा.वि.स. वडा नं. ८ हालको ठेगाना: रुपन्देही जिल्ला, मायादेवी गा

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार ४ फागुन ०८०

नेपाल-भारत अन्तरदेशीय भुक्तानी नियमन गर्न द्विपक्षीय संयन्त्र बनाइने

नेपाल राष्ट्र बैंक र भारतको रिजर्भ बैंक अफ इन्डियाका गभर्नरहरूको उपस्थितिमा बिहीबार मुम्बईमा नियामकीय संयन्त्र बनाउने समझदारी भएको हो

नयाँ पत्रिका

नेपाल र भारतबीच अन्तरदेशीय विद्युतीय भुक्तानी प्रणालीको (क्रसबोर्डर भुक्तानी) नियमन गर्ने द्विपक्षीय नियामकीय संयन्त्र स्थापना हुने भएको छ। नेपाल राष्ट्र बैंक र भारतको रिजर्भ बैंक अफ इन्डियाबीच बिहीबार नियामकीय संयन्त्र बनाउने समझदारी भएको हो। दुई देशबीच द्रुत भुक्तानी प्रणालीलाई एकीकृत गर्ने उद्देश्यले गरिएको समझदारीपत्र आदानप्रदान भएको छ। गभर्नर महाप्रसाद अधिकारी र आरबिआई गभर्नर शक्तिकान्त दासको उपस्थितिमा मुम्बईमा समझदारीपत्रमा हस्ताक्षर भएको हो।

समझदारीपत्रमा नेपाल र भारतबीचको सीमापार रेमिट्यान्स प्रणालीलाई सहजीकरण गर्ने एउटा प्रमुख उद्देश्य राखिएको छ। राष्ट्र बैंकका अनुसार भारतको 'युनिफाइड पेमेन्ट इन्टरफेस' (युपिआई) र नेपालको 'नेसनल पेमेन्ट्स इन्टरफेस' (एनपिआई)मा द्विपक्षीय नियामकीय संयन्त्र स्थापना गर्ने समझदारी भएको हो।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले समझदारीले भोलिका दिनमा अन्तरदेशीय भुक्तानी प्रणालीको नीतिगत तहमा आवश्यक निर्णय गर्न र नियमन गर्नका लागि संरचनागत बाटो खुलेको बताए। उनले भने, 'दुई देशबीचको भुक्तानी प्रणालीलाई सहजीकरण गर्दै संरचनागत रूपमा व्यवस्थित गर्न यो समझदारीले महत्त्वपूर्ण भूमिका खेल्नेछ।'

सरकारले यसअघि नेपाल र भारतबीच अन्तरदेशीय डिजिटल भुक्तानी सुरु गर्ने भन्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा सम्झौता भएको थियो। गत जेठमा भारत भ्रमणका वेला प्रधानमन्त्री दाहाल र भारतीय समकक्षी नरेन्द्र मोदीको उपस्थितिमा नेपाल र भारतबीच अन्तरदेशीय भुक्तानी हुने सम्झौता भएको थियो।

राष्ट्र बैंकको समेत लगानीमा स्थापना भएर विद्युतीय भुक्तानी प्रणाली विकास गरेको नेपाल क्लियरिङ हाउस र आरबिआईको समेत लगानीमा भारतमा विद्युतीय भुक्तानी प्रणालीको सिस्टम विकास गरेको नेसनल पेमेन्ट कर्पोरेसन अफ इन्डियाबीच अन्तरदेशीय विद्युतीय भुक्तानी सम्झौता भएको थियो। सरकारी तहमा नै सम्झौतापछि राष्ट्र बैंकले आवश्यक पूर्वाधार अगाडि बढाएको थियो। बिहीबार दुवै देशका केन्द्रीय बैंकले अन्तरदेशीय विद्युतीय भुक्तानीका लागि द्विपक्षीय नियामकीय संयन्त्र बनाउने सम्झौतासँगै अन्तरदेशीय विद्युतीय भुक्तानी प्रक्रिया थप अगाडि बढेको हो।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

चार वाणिज्य र सात विकास बैंकसहित एक सय ३५ कम्पनी नेप्सेको 'कमजोर' वर्गमा

चुक्ता पुँजीदेखि संस्थागत सुशासन कायमका आधारमा वर्गीकरण, 'ए' मा ३१, 'बी' मा ३५ र 'जी' वर्गमा ७० कम्पनी

कृष्ण रिजाल/नयाँ पत्रिका

चार वाणिज्य बैंक र सात विकास बैंकसहित एक सय ३५ सूचीकृत कम्पनी नेपाल स्टक एक्सचेन्ज (नेप्से)को कमजोर अर्थात् 'जेड' वर्गमा परेका छन्। नेप्सेले वित्तीय स्वास्थ्य, संस्थागत सुशासन र पारदर्शिताका आधारमा सूचीकृत कम्पनीहरूलाई चार भागमा वर्गीकरण गर्ने गर्छ। तोकिएको मापदण्ड पूरा गरेका आधारमा तुलनात्मक रूपमा अब्बल कम्पनी 'ए' वर्ग र कमजोर 'जेड' वर्गमा पर्छन्। मापदण्ड आंशिक पूरा गर्नेहरू 'बी' र 'जी' वर्गमा पर्छन्।

नेप्सेले धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम ११ बमाजिम नेप्सेमा सूचीकृत कम्पनीहरूको त्रैमासिक रूपमा वर्गीकरण गर्दै आएको छ। पुस मसान्तसम्मका आधारमा नेप्सेले गरेको वर्गीकरणअनुसार ३१ कम्पनी 'ए' वर्गमा, ३५ कम्पनी 'बी' वर्गमा र ७० वटा कम्पनी 'जी' वर्गमा परेका छन्। नेप्सेले गर्ने वर्गीकरणले कम्पनीहरू वित्तीय स्वास्थ्य, संस्थागत सुशासन र पारदर्शिताका आधारमा कति अब्बल छन् भन्ने देखाउने नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले बताए। 'सबै मापदण्ड पूरा गर्ने 'ए' वर्गमा पर्छन्, जेड वर्गमा पर्नेले कुनै पनि मापदण्ड पूरा गरेको छैन भन्ने बुझ्नुपर्छ,' उनले भने, 'नेप्सेको वर्गीकरणले कम्पनीहरूको वित्तीय अवस्था कस्तो छ, उनीहरू कति पारदर्शी छन्, कति अनुशासित छन् ? भन्नेलगायतको चित्रण गर्छ।'

नयाँ सूचीअनुसार कृषि विकास बैंक, कुमारी, नेपाल इन्भेष्टमेन्ट मेगा र प्रभु गरी चार वाणिज्य बैंक 'जेड' वर्गमा परेका छन्। जेड वर्गमा परेका सात विकास बैंकमा कर्पोरेट डेभलपमेन्ट, एक्सेल डेभलपमेन्ट, ग्रिन डेभलपमेन्ट, कर्णाली डेभलपमेन्ट, नारायणी डेभलपमेन्ट, सप्तकोशी डेभलपमेन्ट र सिन्धु विकास बैंक रहेका छन्। वाणिज्य बैंक तथा विकास बैंकको चुक्ता पुँजी पुगे पनि कतिपय वित्तीय अवस्था र कर्पोरेट गभर्नेन्सका कारण 'जेड' वर्गमा परेका हुन्। 'तोकिएको ढाँचामा वित्तीय विवरण नराख्दा, समयमै साधारणसभा नगर्दा तथा लगातार दुई वर्षसम्म लाभांश वितरण गर्न नसक्दासमेत बैंकहरू 'जेड' वर्गमा परेका हुन्,' उनले भने। त्यस्तै, 'जेड' वर्गमा १३ वटा वित्त कम्पनी, ३७ वटा लघुवित्त कम्पनी र १९ बिमा कम्पनी रहेका छन्। यस वर्गमा जलविद्युत् कम्पनी, उत्पादक (उद्योग), व्यापार (ट्रेडिङ), होटेल र लगानी गर्ने कम्पनीसमेत रहेका छन्।

वर्गीकरणले कम्पनीको वित्तीय स्वास्थ्यदेखि संस्थागत सुशासनसम्मलाई देखाउँछ



● **मुराहरि पराजुली**, प्रवक्ता, नेपाल स्टक एक्सचेन्ज लिमिटेड

नेप्सेले विनियमावलीमा तोकिएको मापदण्डका आधारमा सूचीकृत कम्पनीलाई चार भागमा वर्गीकरण गर्दै आएको छ। नेप्सेले वित्तीय स्वास्थ्य, संस्थागत सुशासन र पारदर्शिताका आधारमा कम्पनीहरूलाई वर्गीकरण गर्छ। तोकिएको मापदण्ड पूरा गरेका आधारमा तुलनात्मक रूपमा अब्बल कम्पनी 'ए' वर्ग र कमजोर 'जेड' वर्गमा पर्छन्। मापदण्ड आंशिक पूरा गर्नेहरू 'बी' र 'जी' वर्गमा पर्छन्। वर्गीकरणले कम्पनीको वित्तीय स्वास्थ्यदेखि संस्थागत सुशासनलाई देखाउँछ।

■ आठ वाणिज्य बैंकसहित ३१ कम्पनी नेप्सेको 'ए' वर्गमा

आठ वाणिज्य बैंकसहित ३१ सूचीकृत कम्पनी नेपाल स्टक एक्सचेन्ज (नेप्से)को 'ए' वर्गमा परेका छन्। 'ए' वर्गमा पर्ने वाणिज्य बैंकहरूमा सिटिजन्स इन्टरनेसनल, एभरेष्ट, ग्लोबल आइएमई, नबिल, नेपाल एसबिआई, सानिमा, सिद्धार्थ र स्ट्यान्डर्ड चार्टर्ड बैंक रहेका छन्।

त्यस्तै, गरिमा विकास बैंक, लुम्बिनी विकास बैंक, महालक्ष्मी विकास बैंक, मितेरी डेभलपमेन्ट बैंक, मुक्तिनाथ विकास बैंक, साइन रेसुंगा डेभलपमेन्ट बैंक र आइसिएफसी फाइनान्स लिमिटेड पनि 'ए' वर्गमा रहेका छन्। 'ए' वर्गमै पर्ने कम्पनीमा छिमेकी लघुवित्त वित्तीय संस्था फस्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था, जीवन विकास लघुवित्त वित्तीय संस्था, स्वावलम्बन लघुवित्त वित्तीय संस्था, नेपाल इन्स्योरेन्स कम्पनी, बुटवल पावर कम्पनी, चिलिमे हाइड्रोपावर कम्पनी, सानिमा हाइड्रोपावर कम्पनी, हिमालय डिस्टिलरी, शिवम् सिमेन्ट, नेपाल दूरसञ्चार कम्पनी, हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी र नेपाल इन्फ्रास्ट्रक्चर बैंक रहेका छन्।

■ 'बी' वर्गमा परेका ३५ कम्पनी कस्ता छन् ?

'बी' वर्गमा सात वाणिज्य र दुई विकास बैंकसहित ३५ कम्पनी छन्। 'बी' वर्गमा पर्ने वाणिज्य बैंकमा हिमालयन बैंक, लक्ष्मी सनराइज बैंक, माछापुच्छ्रे बैंक, नेपाल बैंक, एनआइसी एसिया बैंक, एनएमबि बैंक र प्राइम कमर्सियल बैंक रहेका छन्।

त्यस्तै, कामना विकास बैंक, ज्योति विकास बैंक, गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स, मञ्जुश्री फाइनान्सियल इन्स्टिच्युसन, नेपाल फाइनान्स, श्री इन्भेस्टमेन्ट फाइनान्स कम्पनी र संवृद्धि फाइनान्ससमेत 'बी' वर्गमा परेका छन्। केही लघुवित्त कम्पनी, जलविद्युत् कम्पनी र इन्भेस्टमेन्ट कम्पनीसमेत 'बी' वर्गमा परेका छन्। सबै हिसाबले अब्बल रहँदा पनि लगातार लाभांश वितरण गर्न नसक्दा कतिपय बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरू 'बी' वर्गमा परेको उनले बताए।

■ यसरी गरिन्छ वर्गीकरण

'ए' वर्गमा रहने कम्पनीमा वर्गीकृत हुनका लागि चुक्ता पुँजी कम्तीमा एक अर्ब रुपैयाँ भएको, धितोपत्र सूचीकरण गराएको कम्तीमा तीन वर्ष भएको, विगत तीन आर्थिक वर्ष लगातार नाफामा रही लाभांश वितरण गरेको, क्रेडिट रेटिङ संस्थाबाट औसत वा सोभन्दा माथिको रेटिङ प्राप्त गरेको, नियमनकारी निकायले तोकेको ढाँचामा वित्तीय विवरण राखेको र आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वार्षिक साधारणसभा सम्पन्न गरेको हुनुपर्ने विनियमावलीमा उल्लेख छ। त्यस्तै, 'बी' वर्गमा रहने कम्पनीका लागि चुक्ता पुँजी कम्तीमा ५० करोड भएको, धितोपत्र सूचीकरण गराएको कम्तीमा तीन वर्ष भएको, विगत तीन वर्षमा कम्तीमा दुई आर्थिक वर्षमा नाफा गरेको, क्रेडिट रेटिङ संस्थाबाट कम्तीमा औसतभन्दा एक तहमुनिको रेटिङ प्राप्त गरेको, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वार्षिक साधारणसभा सम्पन्न गरेको र सञ्चित नोक्सानी नरहेको हुनुपर्नेछ।

'ए' र 'बी' वर्गमा पर्ने, तर सूचीकृत भएको दुई वर्ष पूरा नभएसम्म त्यस्ता संस्था 'जी' वर्गमा रहने विनियमावलीमा उल्लेख छ। 'ए', 'बी' र 'जी' वर्गमा नपर्ने कम्पनी 'जेड' वर्गमा रहने व्यवस्था रहेको छ। नेप्सेले त्रैमासिक रूपमा अद्यावधिक वर्गीकरण सार्वजनिक गर्नुपर्छ। सार्वजनिक गरिएको वर्गीकरणमा परेका कम्पनीले उल्लिखित समूहमा नपर्ने कारणसहित पैंतीस (३५) दिनभित्र दाबी गर्न सक्ने व्यवस्था रहेको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टाढेर टर्दैन त्यो
इच्छै बिन्ती गरुन् झुकेर पाउमा त्यो बिन्ती मान्दैन त्यो

श्रद्धाञ्जली



जन्म:
१९९३ साउन १४

स्वर्गारोहण:
२०८० माघ २१

स्व. मिमबहादुर गुरुङ

यस डाइनामिक इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.का अध्यक्ष तथा एनट्याग बचत तथा ऋण सहकारी संस्था लि.का संस्थापक अध्यक्ष एवं वर्तमान सल्लाहकार हेमचन्द्र गुरुङका पुजनीय पिता मिमबहादुर गुरुङको ८७ वर्षको उमेरमा स्वर्गारोहण भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । यस दुःखद् घडीमा दिवंगत आत्माको सुखावती भुवनमा बास होस् भन्ने कामनासहित भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनलाई धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

NTAG एनट्याग बचत तथा ऋण सहकारी संस्था लि.
डाइनामिक इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.
बागदरबार, सुन्धारा, काठमाडौं, नेपाल
परिवार

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थायीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/११/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय मन्थलीबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणी/प्रोप्राईटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नाम: न्यू सहयात्री किराना पशल दर्ता गर्ने कार्यालय: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, रामेछाप प्रा.फ.र.नं. : ८०४/०७१/०७२(स्थानिय व्यापार) दर्ता मिति : २०७१/०९/२१ पान नं. ६११२५१२१७ ठेगाना : मन्थली न.पा. वडा नं २, रामेछाप **प्रोप्राईटर/जमानीकर्ताको नाम: दामोदर कामी** बाबुको नाम : साने कामी बाजेको नाम : लाल सिं कामी ठेगाना : रामेछाप-३, रामेछाप, हाल: रामेछाप-४, रामेछाप ना.प्र.नं. : ५४५६७, जारी मिति : २०५९/०२/२६ जारी गर्ने कार्यालय : जि.प्र.का., रामेछाप **कर्जा शिर्षक : एस.एम.ई अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : मन्थली**	**क) नाम: मिठु वि.क.** बाबुको नाम : भक्त बहादुर कामी पतिको नाम: दामोदर कामी ससुराको नाम : साने कामी ठेगाना : रामेछाप-४, रामेछाप ना.प्र.नं. : २१-०१-७२-००६९२ जारी मिति : २०७२/०२/३१ जारी गर्ने कार्यालय : जि.प्र.का., रामेछाप **ख) नाम: सुवाश वि.क.** बाबुको नाम: दामोदर कामी बाजेको नाम: साने कामी ठेगाना: रामेछाप-८, रामेछाप हाल: रामेछाप-४, रामेछाप ना.प्र.नं.: २१-०१-७८-०६०७८ जारी मिति : २०७८/१०/०६ जारी गर्ने कार्यालय : जि.प्र.का., रामेछाप
सुरक्षणमा रहेको धितोको विवरण: श्री मालपोत कार्यालय मन्थली, रामेछापमा दामोदर कामीको नाममा दर्ता कायम रहेको रामेछाप जिल्ला, भलुवाजोर ४ख स्थित कि.नं. १६३३ को क्षेत्रफल ८७.४४ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

१,०६३ मेगावाटको माथिल्लो अरुणमा परामर्शदाता छनोट



नयाँ पत्रिका

संखुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने एक हजार ६३ मेगावाटको माथिल्लो अरुण अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको सुपरिवेक्षण परामर्शदाता छनोट भएको छ।

आयोजनाको निर्माण सुपरिवेक्षणका लागि ट्राक्टेवल इन्जिनियरिङ जर्मनी, ट्राक्टेवल इन्जिनियरिङ स्पेन र वापकोस लिमिटेड, भारतको संयुक्त उपक्रम छनोट भएको छ। यसको नेपाली साझेदार भने टोटल म्यानेजमेन्ट सर्भिसेस (टिएमएस) र जेड कन्सल्ट रहेका छन्।

आयोजनाको प्रवर्द्धक अपर अरुण हाइड्रो इलेक्ट्रिक लिमिटेड र परामर्शदाताबीच बुधबार ठेक्का सम्झौतासमेत भइसकेको छ। निर्माण सुपरिवेक्षण परामर्श सेवाका लागि दुई करोड ३४ लाख युरो, चार लाख ४५ हजार अमेरिकी डलर र ६४ करोड ३० लाख रुपैयाँमा ठेक्का सम्झौता (कर र प्रोभिजनल समसहित) भएको हो। परामर्श सेवाको रकम युरो, डलर र रुपैयाँ गरी तीनवटा मुद्रामा भुक्तानी हुने व्यवस्था गरिएको छ।

परामर्श सेवाको अवधि एक सय १७ महिनाको हुनेछ। ठेक्का सम्झौताबमोजिम परामर्शदाताले पहिलो चरणअन्तर्गत डिजाइन पुनरावलोकन तथा बोलपत्रसम्बन्धी कागजात तयारी गर्न २१ महिना छुट्याएको छ। दोस्रो चरणमा आयोजनाको निर्माण कार्यको सुपरिवेक्षण गर्न ७२ महिना राखिएको छ। तेस्रो चरणमा आयोजना सञ्चालन तथा मर्ममत-सम्भारका लागि परामर्श सेवा उपलब्ध गराउन २४ महिना छुट्याइएको छ।

कम्पनीका अध्यक्षसमेत रहेका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोजना निर्माणमा महत्त्वपूर्ण चरण पार भएको बताए। सरकारले घोषणा गरेको रूपान्तरणकारी आयोजना निर्माणको सुरुपरिवेक्षण गर्न परामर्शदाता नियुक्त हुनु महत्त्वपूर्ण उपलब्धि भएको उनको भनाइ छ।

पहिलो चरणअन्तर्गत नौ महिनाभित्र आयोजनाका मुख्य संरचना निर्माणका लागि ठेकेदार छनोट गर्न बोलपत्रसम्बन्धी कागजात तयार गर्नु अत्यन्तै महत्त्वपूर्ण कार्य भएको उल्लेख गर्दै उनले समयको ख्याल गरी समयमै कार्य सम्पन्न गर्न आग्रह गरे। 'केन्द्र सरकार, प्रदेश सरकार, आयोजना प्रभावित जिल्लाका स्थानीय तह, प्रभावित जिल्लावासी, सर्वसाधारणको सेयर लगानी, अन्तर्राष्ट्रिय बहुपक्षीय विकास साझेदारको सहुलियतपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाको ऋण लगानी रहने गरी 'ब्लेन्डेड फाइनान्सिङ' (मिश्रित लगानी)को नमुना परियोजनाका रूपमा अगाडि बढाउन खोजिरहेका छौं,' उनले भने। विश्व बैंकको नेतृत्वमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट आगामी जुन (असार)भित्रमा वित्तीय व्यवस्थापन गर्ने गरी प्रक्रिया अगाडि बढिरहेको छ। आयोजनास्थलमा निर्माणपूर्वका तयारीका कार्य भइरहेका छन्, आयोजनाको वित्तीय व्यवस्था गरी जतिसक्दो छिटो निर्माणमा लैजाने गरी आवश्यक काम भइरहेको उनको भनाइ छ।

कम्पनीका प्रबन्ध सञ्चालक फणीन्द्रराज जोशीले आगामी वैशाखमा हुने लगानी सम्मेलनमा परियोजनाको लगानी ढाँचाबारे सम्झौता हुने बताए। विश्व बैंकको अगुवाइमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले एक अर्बदेखि एक अर्ब २० करोड डलरसम्म लगानी गर्ने गरी सम्झौता गरिने उनको भनाइ छ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८०।११।०४ गते

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति : २०८०।०८।०७ मा प्रकाशित बोलपत्र आव्हानसम्बन्धी सूचना (single stage Two envelove) अनुसार PPMO को E-Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरूमध्ये प्राविधिक प्रस्ताव मूल्याङ्कनमा निम्नअनुसारका बोलपत्रदाताहरूले प्राविधिक प्रस्तावको शर्तहरू पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०।११।१३ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम (३१ ङ) को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

बोलपत्र नं	बोलपत्रको नाम	प्रविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरू
IFB no:- 8.1/PMC/080-081	Construction of Pokhara House, PMC - 9 (Contract ID: 7/PMC/NCB/ W/B/080-081)	1. Fullmoon Developers Pvt. Ltd. Tinkune 2. Topland Engineering and Construction Pvt. Ltd., Ghorahi 3. I.S. Nirman Sewa Pvt.Ltd, Bidur 4. Chanyaswori Nirman Sewa Pvt. Ltd, Baneshwor 5. Natural Furnishing and Construction Pvt. Ltd, Kritipur 6. JV Name: Koju Engineering / Aarushi / ABAC JV, Lead: Aarushi Construction, Sub: Koju Engineering And Builders Pvt. Ltd., Sub: Alakapuri Builders And Contractors Pvt Ltd, Rastrabank Chowk 7. Shree Siddhababa Nirman Sewa, Syangja

प्रमुख प्रशासकीय अधिकृत

पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य दुई रुपैयाँ वृद्धि

काठमाडौं/ नेपाल आयल निगम लिमिटेडले पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य बिहीबार रातिबाट लागू हुने गरी प्रतिलिटर दुई रुपैयाँ वृद्धि गरेको छ।

मूल्यवृद्धिपछि काठमाडौं उपत्यकामा पेट्रोल एक सय ७२ रुपैयाँ र डिजेल तथा मट्टीतेल एक सय ६० रुपैयाँ पुगेको छ। इन्डियन आयल कर्पोरेसन (आइओसी)ले बिहीबार दिउँसो पेट्रोल १.८३ रुपैयाँ र डिजेल १.५६ रुपैयाँ प्रतिलिटर मूल्य बढाएर पठाएपछि निगमले पनि मूल्य समायोजन गरेको प्रेस विज्ञप्तिमार्फत जनाएको छ।

हवाई इन्धन र खाना पकाउने एलपी ग्यासको भने समायोजन भएको छैन। मूल्यवृद्धिपछि तराईमा पेट्रोलमा एक सय ६९ रुपैयाँ ५० पैसा र डिजेल एक सय ५७ रुपैयाँ ५० पैसा प्रतिलिटर पुगेको छ।

ग्लोबलले ग्राहकलाई वित्तीय साक्षरता गराउँदै



गुल्मी / ग्लोबल आइएमई बैंकको तम्घास शाखाले बिहीबार वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ । शाखाले डिजिटल बैंकिङसम्बन्धी वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा स्थानीय बजारका व्यापारी, विद्यार्थी, युवा गरेर एक सयभन्दा बढी सहभागी थिए । सहभागीलाई वित्तीय लक्ष्य निर्माण, बचत, ऋण, बजेट, रेमिट्यान्स, बैंकिङ जालसाजी, डिजिटल बैंकिङ गर्दा ख्याल राख्नुपर्ने कुराका बारेमा शाखा प्रबन्धक योगेन्द्र रायमाझी र कर्जा शाखाका आनन्द गैरेले प्रशिक्षण दिएका थिए । बैंकले जिल्लामा वित्तीय सेवासँगै सामाजिक उत्तरदायीअन्तर्गत विभिन्न रचनात्मक एवं सिर्जनात्मक काम गर्दै आएको छ ।

डिजिटल बैंकिङसम्बन्धी अभिमुखीकरण नहुँदा र असावधानीका कारण ठगीका घटना भइरहेका छन् । जसलाई न्यूनीकरण गर्न ग्लोबल आइएमई बैंकले सञ्चालन गरेको वित्तीय साक्षरता कार्यक्रम निकै फलदायी रहेको सहभागी तथा रेडियो रेसुंगाकी स्टेसन म्यानेजर अनिता खत्रीले बताइन् । अहिले हरेक नागरिक कुनै न कुनै बैंक र इन्टरनेटको पहुँचमा रहेकाले बैंकहरूले समन्वय गरेर सबै ग्राहकसम्म वित्तीय साक्षरता पुऱ्याउनुपर्ने उनको भनाइ थियो । बैंकले जिल्लाभरमा सात शाखा तथा २१ शाखारहित बैंकिङमार्फत सेवा दिइरहेको छ ।

महिला जागृति वृद्धाश्रमलाई सिटिजन्स बैंकको सहयोग

काठमाडौं / सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले मोरङको बुढीगंगा गाउँपालिकामा रहेको महिला जागृति तथा वृद्धाश्रमलाई सहयोग प्रदान गरेको छ । ज्येष्ठ नागरिकलाई आश्रय दिइरहेको सो संस्थालाई बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ६ महिनालाई पुग्ने दैनिक उपभोग्य खाद्यान्न तथा अन्य सामग्री उपलब्ध गराएको हो ।



दाताबाट प्राप्त सहयोगबाट सञ्चालन भइरहेको उक्त वृद्धाश्रममा पुगी बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोग सामग्री हस्तान्तरण गरेको बैंकले जनाएको छ । सहयोग हस्तान्तरणपछि प्रमुख कार्यकारी अधिकृत पोखरेलले एक वृद्धाले सञ्चालन गरेर समाजमा अनुकरणीय काम गर्दै आएको संस्थालाई सहयोग गर्न पाएको बताए । सानो भए तापनि सहयोग गरेर समाजप्रतिको उत्तरदायित्व बोध गर्न पाएको भन्दै उनले सन्तुष्टि व्यक्त गरेका थिए । बैंकले हाल देशका ५५ जिल्लामा एक सय ९० शाखा, एक सय ५२ एटिएम र ९७ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ । बैंकले १७ लाख १९ हजार ग्राहक वर्गलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

नेपालमा हेटिचको अत्याधुनिक एप्लिकेसन सेन्टर



काठमाडौं / फर्निचर फिटिङ्स प्रदायक कम्पनी हेटिचले ललितपुरमा एप्लिकेसन सेन्टर सञ्चालनमा ल्याएको छ । कम्पनीले हेटिच इन्डियाका वरिष्ठ व्यवस्थापन, व्यावसायिक सहयोगीहरू, वास्तुकला तथा डिजाइनका प्रतिष्ठित सदस्यहरूको उपस्थितिमा नयाँ एप्लिकेसन सेन्टरको सुरुवात गरेको हो ।

उद्घाटनपछि हेटिच इन्डिया, मध्यपूर्व, अफ्रिका र सार्कका प्रबन्ध निर्देशक आन्द्रे इकहोल्टले हेटिचले एप्लिकेसन सेन्टरहरूको अवधारणामा उद्योग अग्रगामी भएर उपभोक्तालाई आफ्नो वासस्थानको फर्निसिङ अनुभव गर्ने तरिकामा क्रान्तिकारी परिवर्तन ल्याउन सफल भएको बताए । उनले भने, 'हेटिचका लागि नेपाली बजार निरन्तर रूपमा महत्त्वपूर्ण रहेको छ र यहाँ हामीले यसको वृद्धिको ठूलो सम्भावना देखेका छौं ।'

सोसाइटी अफ नेप्लिज आर्किटेक्ट (सोना)का अध्यक्ष ईश्वरलाल जोशीको प्रमुख आतिथ्यमा नेपालमा पहिलोपटक आधिकारिक रूपमा आफ्नो नयाँ एप्लिकेसन सेन्टर सञ्चालनमा आएसँगै कम्पनीले अत्याधुनिक फर्निचर फिटिङ्स नेपाली बजारमा प्रस्तुत गर्ने दिशामा एक प्रमुख कदम भएको जनाएको छ ।

तीन हजार स्क्वायर फिटभन्दा बढीमा फैलिएको यस सेन्टरले ग्राहकलाई हेटिचको अत्याधुनिक फर्निचर फिटिङ तथा हार्डवेयरको प्रयोग गरी घर तथा अफिसका स्पेसमा मनमोहक टच-एन्ड-फिल प्रदान गर्ने कम्पनीको दाबी छ ।

हेटिच जर्मनीको एक सय ३५ वर्ष पुरानो परिवारको स्वामित्वमा रहेको जीवन शैलीको ब्रान्ड भएको जनाइएको छ । वार्षिक एक अर्ब ५० करोड युरोभन्दा बढीको विश्वव्यापी कारोबार रहेको यो उद्योगमा करिब ८० देशमा आठ हजारभन्दा बढी कामदार रहेको जनाइएको छ ।

आजदेखि भैरहवामा 'राष्ट्रिय महिला उद्यमी सम्मेलन- २०८०'

भैरहवा / नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा आज शुक्रबारदेखि भैरहवामा 'राष्ट्रिय महिला उद्यमी सम्मेलन- २०८०' सुरु हुने भएको छ । आयोजकले सम्मेलनको तयारी पूरा भएको जानकारी दिएको छ । सम्मेलनमा ७७ वटै जिल्लाका करिब दुई सय ५० देखि तीन सयजना महिला उद्यमीको सहभागिता रहने उद्योग वाणिज्य महासंघ महिला उद्यमी विकास समितिकी सभापति कमला श्रेष्ठले बताइन् । महिला उद्यमीको विकास, विस्तार एवं प्रवर्द्धनका साथै महिला सशक्तीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले सम्मेलनको आयोजना गर्न लागिएको उनको भनाइ थियो ।

शुक्रबार र शनिबार गरी दुई दिनसम्म सञ्चालन हुने सम्मेलनमा महिला उद्यमशीलता र नतिजा, वित्तीय पहुँच, बजार पहुँच, पर्यटनका सम्भावना र चुनौती, युवा महिला-स्टार्टअपका लागि गरिएका पहल र भएका व्यवस्थालगायतका पाँच विषयमा विज्ञसँग छुट्टाछुट्टै छलफल हुने जनाइएको छ । श्रेष्ठले भनिन्, 'नेपालको जनसंख्याको करिब आधा शक्ति रहेका महिलाको अर्थतन्त्रमा योगदान अनौपचारिक माध्यमबाट बढी रहँदारहँदै पनि ग्रामीण वा औपचारिक अर्थतन्त्रमा विद्यमान रहेको न्यून प्रतिशतको हिस्सालाई महिला उद्यमीका रूपमा प्रोत्साहन गरी व्यापक रूपमा महिलाले अर्थतन्त्रमा पनि योगदान पुऱ्याउन यो राष्ट्रिय महिला उद्यमी सम्मेलनले महत्त्वपूर्ण योगदान पुग्नेमा विश्वास लिएका छौं ।'

नेपाल उद्योग वाणिज्य महासंघको महिला उद्यमी विकास समितिको अगुवाइमा उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश तथा सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीको समन्वय एवं सहकार्यमा सम्मेलन आयोजना गर्न लागिएको उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले बताए । लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले उद्घाटन गर्ने सम्मेलनमा संघीय, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय, प्रदेशस्तरीय, स्थानीय प्रतिनिधि, सरोकारवाला निकायका प्रतिनिधि एवं सम्बन्धित विज्ञको उपस्थिति रहने जनाइएको छ ।

जग्गा बिक्रिमा

दोलालघाट नजिक कृषि फर्म सहित ५० रोपनी जग्गा बिक्रिमा ।

सिधा सम्पर्क:
९८५१०२३७३४ काफले जी
९८५११३३४८४

दर्ता नं. ३५ स्थाई लेखा नं. : ६१८३७९७४५

काठदाउरा लिलाम बिक्री सम्बन्धमा

उपरोक्त सम्बन्धमा यो छ कि, रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं.-२ जुंडिवेला फूलबारीअन्तर्गत पर्ने श्री महादेवस्थान सामुदायिक वन उपभोक्त समूहभित्र मिति २०७९/०१/१३ गतेको डिभिजन वन कार्यालय, रौतहटको काठदाउरा संकलन सहमतिपत्रअनुसार हावाहुरीका कारण ढलपडा सिसौ गोलिया ३११ थानको २०३१.४१ क्युफिट, जामुन ४ थानको गोलिया ११६.९९ क्युफिट र मसला (भिस) ८ थानको गोलिया १०२.९९ क्युफिट साथै दाउरा ०.७५ चट्टा कट्टानमुछ्यान गरी घाटगद्दीमा सुरक्षित रहेको अवगत गराउँदै इच्छुक काठ ठेकेदार व्यवसायीहरुले आवश्यक कागजातसहित पत्रिकामा सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र समूह वा डिभिजन वन कार्यालयमा सम्पर्क गर्नुहोला ।

महादेवस्थान सा.व.उ.समूह
चन्द्रपुर-२, जुंडिवेला फूलबारी, रौतहट, सम्पर्क : ९७६३६४६५०

Invitation for Electronic Quotation

Provincial Project Management Unit (PPMU), Koshi Province, Itahari

Date of Second Time publication: 16 Feb. 2024

The PPMU, Itahari invite electronic quotations for the construction of Nursery Truss with Agronets & Shifting of Existing Nursery Truss at Chandragadhi, Jhapa. The estimated amount for the works is 13,62,331 without VAT & contingencies. Electronic bids must be submitted through the e-GP system www.bolpatra.gov.np on or before 12:00 Noon on 3 March 2024. All the interested eligible bidders are requested to visit the PPMO's e-GP system www.bolpatra.gov.np for bidding document for electronic submission.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पतिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/११/०४)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन इच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८०/११/१८

बोलपत्र खोलिने मिति
२०८०/११/२० दिउँसो ३ बजे

तपसिल

क्र. सं.	कर्जा शिर्षक	ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण
१.	व्यक्तिगत कर्जा	**ऋणी : अर्चना अग्रवाल** (ना.प्र.नं. १५०, मिति २०४६/०२/१२ जि.प्र.का. झापाबाट जारी भएको) ठेगाना : भद्रपुर ०४, झापा पति : सुरेश कुमार अग्रवाल ससुरा : मोहन लाल अग्रवाल **व्यक्तिगत जमानीकर्ता :** **सुरेश कुमार अग्रवाल** ना.प्र.नं. ११८०११६७, मिति २०३६/०४/०६ मा जि.प्र.का. झापाबाट जारी भएको) बाबु : मोहन लाल अग्रवाल बाजे : सत्य नारायण अग्रवाल	अर्चना अग्रवालको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ४ स्थित कि.नं. २६ (१२२७५.५० व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
२.	लघु आवधिक कर्जा	**ऋणी : गुड लक होटल एण्ड रेष्टुरेन्ट** प्रा.फ.र.न. .: १०३०/०७५/०७६ ठेगाना : सौंफेबजार न.पा. ०४, अछाम **प्रोप्राइटर : धर्म बहादुर कुँवर** ना.प्र.नं. : ५०८/२१५६८ जारी मिति : २०५८/०९/१२ जि.प्र.का. : अछाम बाबु : मिन बहादुर कुँवर बाजे : कर्ण सिं कुँवर **व्यक्तिगत जमानीकर्ताहरु :** **१. डिका कुँवर** (ना.प्र.नं. ६९३०२४/१९९, मिति २०६३/१०/२३ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : मन्दिर खड्का पति : लक्ष्मण कुँवर ससुरा : शेर बहादुर कुँवर **२. लक्ष्मण कुँवर** (ना.प्र.नं. ६९-०१-७०-०२१४१, मिति २०७०/०६/१६ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : शेर बहादुर कुँवर बाजे : कोहल सिं कुँवर **३. धर्म बहादुर कुँवर** ऐ.ऐ. **४. सावित्रा देवी कुँवर** (ना.प्र.नं. ६९३०२४/२९६, मिति २०६३/१०/२३ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : दिल बहादुर थापा पति : धर्म बहादुर कुँवर ससुरा : मिन बहादुर कुँवर **५. ईश्वर कुँवर** (ना.प्र.नं. ६९१०२४/८८४४, मिति २०६५/१२/२३ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : लक्ष्मण कुँवर बाजे : शेर बहादुर कुँवर **६. चेतमान कुँवर** (ना.प्र.नं. ६९१०२४/२२६३, मिति २०६४/०८/२० मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : लक्ष्मण कुँवर बाजे : कोहल सिं कुँवर **७. अपिल कुँवर** (ना.प्र.नं. ६९-०१-७७-०२२४२, मिति २०७७/०७/१२ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : धर्म बहादुर कुँवर बाजे : मिन बहादुर कुँवर	१. डिका कुँवरको नाममा अछाम जिल्ला मालपोत कार्यालय अछाममा दर्ता कायम रहेको अछाम जिल्ला, मष्टामाण्डौ गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. २१ (६३.५ व.मी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । २. लक्ष्मण कुँवरको नाममा अछाम जिल्ला मालपोत कार्यालय अछाममा दर्ता कायम रहेको अछाम जिल्ला, मष्टामाण्डौ गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. १४१ (१२१व.मी), कि.नं.१४२(१५०व.मी.), कि.नं. ७५ (२५ व.मी.), कि.नं. १२७ (१४० व.मी.), कि.नं. ६३ (६५ व.मी.), कि.नं. ४८८ (६३५ व.मी.) तथा ऐ.ऐ. वडा नं. ५ स्थित कि.नं. ३९ (२६० व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
३.	आवधिक कजा	**ऋणी : जिम्राणी बहुउदेश्य कृषि सप्लायर्स प्रा.लि.** दर्ता नं. : २१०५२९/०७५/०७६ ठेगाना : जमल ०८ सौंफेबजार, अछाम **व्यक्तिगत जमानीकर्ताहरु :** **१. कमाने हुडके** (ना.प्र.नं. १६२२९, मिति २०५६/०८/१४ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : हरिमाने हुडके बाजे : नरि हुडके **२. दुर्गा देवी हुडके** (ना.प्र.नं. ६९१०२७/१२९६४, मिति २०६६/११/१० मा जि.प्र.का. अछामबाट जारी भएको) पति : कमाने हुडके ससुरा : हरिमाने हुडके	कमाने हुडकेको नाममा अछाम जिल्ला मालपोत कार्यालय मंगलसेन, अछाममा दर्ता कायम रहेको अछाम जिल्ला, चण्डिका गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. २०९ (२८५ व.मी.), कि.नं. २१२ (५७० व.मी.) र कि.नं. २०७ (८६५ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
४.	लघु आवधिक कर्जा	**ऋणीहरु : छत्र कुमारी खड्का / बुद्धि सिं खड्का** ठेगाना : लुंग्रा ७, अछाम **क) छत्र कुमारी खड्का** (ना.प्र.नं. ६९१००३/१६२३९, मिति २०६७/०५/०३ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : बुद्धि सिं खड्का बाजे : हरिकेश खड्का **ख) बुद्धि सिं खड्का** (ना.प्र.नं. २/३५११, मिति २०४५/०१/२५ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : हरिकेश खड्का बाजे : बिरमल खड्का **व्यक्तिगत जमानीकर्ताहरु :** **१. हिरण्ड खड्का** (ना.प्र.नं. ६९१००३/२३६२४, मिति २०६८/१०/२२ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : बुद्धि सिं खड्का बाजे : हरिकेश खड्का **२ पार्वती खड्का** (ना.प्र.नं. ६९१०३/९१४, मिति २०६४/०४/२९ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : बुद्धि सिं कुँवर पति : बुद्धि सिं खड्का ससुरा : हरिकेश खड्का **३. सानु खड्का** (ना.प्र.नं. ६९-०१-७७-०१९१६, मिति २०७७/०७/०६ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : बुद्धि सिं खड्का बाजे : हरिकेश खड्का **४. सिर्जना कुँवर** (ना.प्र.नं. ६९-०१-६९-०१३७९, मिति २०६९/०३/२२ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : राजेन्द्र कुँवर पति : हिरण्ड खड्का ससुरा : बुद्धि सिं खड्का **५. यज्ञ खड्का** (ना.प्र.नं. ६९-०१-७३-०१६२१, मिति २०७३/०४/०२ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : बुद्धि सिं खड्का बाजे : हरिकेश खड्का	बुद्धि सिं खड्काको नाममा अछाम जिल्ला मालपोत कार्यालय अछाममा दर्ता कायम रहेको अछाम जिल्ला, लुंग्रा गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ४९८ (३५५ व.मी) र ऐ.ऐ वडा नं. ७ स्थित कि.नं. ९७ (३६५ व.मी), कि.नं. २५ (७७५ व.मी), कि.नं. ३१ (१३१० व.मी), कि.नं. ५८ (१९९० व.मी), कि.नं. ६२ (१४६५ व.मी), कि.नं. ५२ (२५० व.मी), कि.नं. ३५ (१६५ व.मी), कि.नं. २०२ (५७५ व.मी), कि.नं. १८३ (१८५ व.मी), कि.नं. २१ (१११० व.मी), कि.नं. ३४ (११४० व.मी) र २४ (३१० व.मी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
५.	विविध कर्जा	**ऋणीहरु :** **क) माघवी मल्टी ट्रेड प्रा.लि.** दर्ता नं. : २५८९७५/०७७/०७८ ठेगाना : का.म.न.पा. २६, काठमाडौं **ख) सरोज अधिकारी** (ना.प्र.नं. १३५७७४, मिति २०६१/०२/१४ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको) ठेगाना : का.म.न.पा. २६, काठमाडौं बाबु : श्याम कृष्ण पाध्या बाजे : पदम नाथ अधिकारी **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सरोज अधिकारी** ऐ.ऐ. **२. मादवि अधिकारी** (ना.प्र.नं. १७२३४, मिति २०२४/०८/२१ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) पति : श्याम कृष्ण पाध्या ससुरा : पदम नाथ अधिकारी **३. आशुतोष ठाकुर** (ना.प्र.नं. १८-०१-७१-०४०४१, मिति २०७१/०७/०३ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको) बाबु : रेवती रमण ठाकुर बाजे : बिन्देश्वर ठाकुर	सरोज अधिकारीको नाममा भक्तपुर जिल्ला मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ११८४ (२-०-०-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
६.	विविध कर्जा	**ऋणी : पेम्लि वेभरेजेज** प्रा.फ.र.नं. : ७९६०/०७५/०७६ ठेगाना : वीरेन्द्रनगर न.पा. ०६, सुर्खेत **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सम्झना बुढा** (ना.प्र.नं. ६४१०१७/१०७६७१, मिति २०६८/५/२५ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) बाबु : अंक बहादुर बुढा पति : रमेश रोकाय ससुरा : हरि लाल रोकाय **२. रमेश रोकाय** (ना.प्र.नं. २९३५२/८७७, मिति २०५४/१/१६ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) बाबु : हरि लाल रोकाय बाजे : कृतिरुप रोकाय **३. हरि लाल रोकाय** (ना.प्र.नं. ३०२३, मिति २०३६/१२/१५ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) बाबु : कृतिरुप रोकाय बाजे : टेसी	हरिलाल रोकायको नाममा सुर्खेत जिल्ला मालपोत कार्यालय सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ११७२ (०-१-७-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
७.	अधिविकर्ष कर्जा	**ऋणी : यूराज इलेक्ट्रीकल्स** प्रा.फ.र.नं. : १२७६९८/०६४/६५ ठेगाना : पहलमानपुर गा.वि.स. ०१, कैलाली **व्यक्तिगत जमानीकर्ताहरु :** **१. डम्मर बहादुर सिंह** (ना.प्र.नं. १३४८०, मिति २०६२/११/०८ मा जि.प्र.का. बाजुराबाट जारी भएको) बाबु : हरि बहादुर सिंह बाजे : अम्मर बहादुर सिंह **२. शान्ति देवी सिंह** (ना.प्र.नं. ७०३०२१/११४६, मिति २०६३/११/११ मा जि.प्र.का. बाजुराबाट जारी भएको) पति : डम्मर बहादुर सिंह ससुरा : हरि बहादुर सिंह	डम्मर बहादुर सिंहको नाममा कैलाली जिल्ला मालपोत कार्यालय घनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, पहलमानपुर गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ३४३ (३३८.६६ व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मूल्यअघाइन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

आइसिसी विश्वकप लिग-२

नामिबियासँग नेपाल चार विकेटले पराजित

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

घरेलु टोली नेपाल आइसिसी विश्वकप लिग-२ अन्तर्गत २०२४-२७ को पहिलो खेलमा नामिबियासँग चार विकेटले पराजित भएको छ। त्रिवि क्रिकेट मैदानमा बिहीबार पहिले ब्याटिङ गरेको नेपाल ४१.१ ओभरमा सबै विकेटको क्षतिमा एक सय ३२ रनमा समेटियो। नामिबियाले ३३.१ ओभरमा ६ विकेट गुमाउँदै सहजै लक्ष्य भेट्टायो। जितसँगै नामिबियाले दुई अंक बटुलेको छ। नेपालले हारबाट विश्वकप लिग-२ को सुरुवात गरेको छ। यसअघि पहिलो ब्याटिङ गर्न अवसर पाएको नेपालले त्रिवि क्रिकेट मैदानमा फितलो प्रदर्शन गरेको थियो। शीर्ष जिम्मेवार ब्याट्सम्यान चल्न नसक्दा नामिबिया खेलमा हाबी भएको थियो।

नेपाललाई अलआउट पार्ने क्रममा नामिबियाका बलर ग्रेहार्ड इरास्मुसले घातक बलिङ गरेका थिए। उनले ८.१ ओभरमा २८ रन खर्चेर पाँच विकेट लिए। नेपालले नामिबियाविरुद्ध ब्याटिङ इनिङ्समा कुनै पनि समयमा चुनौती प्रस्तुत गर्न सकेन। शीर्ष चार ब्याट्सम्यान केवल २१ रनभित्र पेभेलियन फर्केपछि नामिबियाले खेल पूरै नियन्त्रणमा लियो। ओपनर कुशल (०), आसिफ शेख (४), अनिल साह (८) र कप्तान रोहितकुमार पौडेल (१) रनमा आउट हुँदा नेपाल ९.३ ओभरमा २१/४ को कमजोर अवस्थामा थियो।

नेपालको ब्याटिङमा भीम सार्की र कुशल मल्लले पाँचौं विकेटका लागि ४६ रनको साझेदारी गरी सुधार गरे। उनीहरूले नेपाललाई १९.५ ओभरमा ६७/५ को स्थितिमा राखे। कुशलले २२ बलमा एक चौका र एक छक्काको सहयोगमा १५ रनको योगदान दिए। इनिङ्सको २७.४ ओभरमा भीमले आफ्नो विकेट गुमाए। उनले ८६ बलमा दुई चौका र एक छक्का प्रहार गरी ४४ रनको योगदान दिए।

पुछारका गुलसन झाले ३१ बलमा तीन चौकाको सहयोगमा २१ रन र पवन सर्राफले २२ बलमा १२ रन जोडे। एकपटक जीवनदान प्राप्त गरेका करण केसीले ३५ बलमा तीन चौकाको सहयोगमा १६ रन बटुले। नामिबियाको बलिङमा ज्याक ब्रसेलले पाँच ओभरमा एक मेडन राखी ११ रन खर्चेर दुई विकेट लिए। रुवेन ट्रम्पेल्मानले १० ओभरमा ३० रन खर्चेर दुई विकेट लिए।

४२ रनको बलियो साझेदारी

नामिबियाको जितमा अलराउन्डर जान निकोल इटन र जेजे स्मिटले छैटौं विकेटका लागि ४२ रनको साझेदारी गरेका थिए। यही साझेदारी नै नामिबियाको जितको आधार बन्यो। स्मिटले ३५ बलमा समान एक चौका र छक्का प्रहार गरी १७ रन जोडेका थिए। इटनले ३० बलमा पाँच चौकाको सहयोगमा ३१ रनको योगदान दिए। जान फयालिनले ५३ बलमा ३४ रनको योगदान दिए। ओपनर माइकल भानले ३३ बलमा तीन चौकाको सहयोगमा २३ रन जोडे। नेपालका लागि सोमपाल कामीले ३२ रन खर्चेर तीन विकेट लिए। ललित राजवंशीले दुई र रोहित पौडेलले एक विकेट हात पारे।



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

त्रिवि मैदानमा अपराजित यात्रामा 'ब्रेक'

त्रिवि क्रिकेट मेदानमा नेपालको लगातार १५औं एकदिवसीय खेलको अपराजित यात्रामाथि नामिबियाले 'ब्रेक' लगाएको छ। आइसिसी विश्वकप लिग-२ मा नामिबियासँग चार विकेटको हारसँगै नेपालको त्रिवि मैदानमा लगातार १५ खेलको जितयात्रा समाप्त भएको हो। बिहीबार नामिबियासँग पराजित हुनुअघि नेपालले २०२२ नोभेम्बरयता यस मैदानमा कुनै पनि एकदिवसीय खेलमा हारको सामना गरेको थिएन। सन् २०२२ मा नेपालले युएईसँग दुई, आइसिसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत २०२३ का आठ खेल, एसिसी प्रिमियर कपमा दुई र क्यानडासँग तीन गरी लगातार १५ खेलमा जित निकालेको थियो।

२०२२ नोभेम्बरमा युएईविरुद्धको तीन खेलमध्ये पहिलोमा नेपाल पराजित भएको थियो। गत वर्षको फेब्रुअरीमा नेपालले विश्वकप लिग-२ मा नामिबिया र स्कटल्यान्डलाई हराएको थियो। यसैगरी मार्चमा विश्वकप लिग-२ मै युएई र पपुवा न्युगिनीलाई नेपालले निराश पारेको थियो। गत वर्ष भएको एसिसी प्रिमियर कपको समूह चरणमा नेपालले ओमान र फाइनलमा यूएईलाई पराजित गरेको थियो। यसै साता क्यानडाविरुद्ध तीन खेलको सिरिजमा नेपालको क्लिनस्विप गरेको थियो।

यसैबीच, प्रशिक्षक मोन्टी देसाईंको प्रशिक्षणमा नेपालको घरेलु मैदानमा लगातार १३ खेलको अपराजित यात्रा समाप्त भएको छ। गतवर्ष फागुनमा मोन्टी नेपालका मुख्य प्रशिक्षक बनेका थिए।

मोन्टीको प्रशिक्षणमा नेपाल अन्तर्राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा घरेलु मैदानमा पराजित भइसकेको छ। गत नोभेम्बरमा आइसिसी टी-२० विश्वकप छनोटमा नेपाल समूह चरण र फाइनलमा ओमानसँगै पराजित भएको थियो।

शीर्ष ब्याट्सम्यान जिम्मेवार भएनन्

रोहितकुमार पौडेल, कप्तान, नेपाल



क्रिकेटमा सुरुवातको ४५ मिनेट महत्त्वपूर्ण मानिन्छ। आज नामिबियाका बलरले पिचको कन्डिसनअनुसार राम्रो बलिङ गरेका थिए। उनीहरूले पिचको अवस्था राम्रोसँग बुझेका थिए। हाम्रा शीर्ष ब्याट्सम्यानलाई आउट पार्न उनीहरूले योजनाअनुसारै बलिङ गरेका थिए। हाम्रो शीर्ष अर्डरका ब्याट्सम्यानले जिम्मेवारीपूर्वक ब्याटिङ गर्न सकेनन्। सुरुका चार ब्याट्सम्यान गम्भीर भएर खेल्नुपर्ने थियो।

ठूलो साझेदारी हुन सकेन

मोन्टी देसाई, प्रशिक्षक, नेपाल



नामिबियाविरुद्ध ठूलो साझेदारी हुनुपर्ने थियो। इनिङ्समा एक मात्र गतिलो साझेदारी भएको थियो। यदि थप एउटा राम्रो साझेदारी भएको भए खेलको अवस्था फरक पर्ने थियो। पावर प्लेमै चार विकेट गुमाएपछि हामी पछाडि पर्‍यौं। कुशल र भीमको साझेदारीले केही मद्दत गर्‍यो। अर्को एउटा राम्रो साझेदारी भएको भए नेपालले सहजै २४० को स्कोर बनाउन सक्थ्यो। आजको हारबाट टिमले धेरै कुरा सिक्ने अवसर पाएको छ। हार हाम्रा लागि अवसर हो।

नेपालले कम योगफल बनाएका १० खेल

सन्	विरुद्ध	योगफल	इनिङ्स	ओभर
२०२२	युएई	१०३	दोस्रो	३५.१
२०२३	पाकिस्तान	१०४	दोस्रो	२३.४
२०१९	युएई	११३	पहिलो	३३.५
२०२२	स्कटल्यान्ड	११९	पहिलो	३५.३
२०२२	युएई	१२०	दोस्रो	३५.१
२०२२	स्कटल्यान्ड	१२८	पहिलो	३५.५
२०२४	नामिबिया	१३२	पहिलो	४१.१
२०१८	नेदरल्यान्ड्स	१३४	दोस्रो	४१.५
२०२२	नामिबिया	१३६	दोस्रो	३७.५
२०२२	स्कटल्यान्ड	१३७	पहिलो	४०.१

एनआरटी सेमिफाइनलमा

मकवानपुरमा पोष्टराज अधिकारी

जनजनजागृति युवा क्लब सिमरालाई हराउँदै न्युरोड टिम (एनआरटी) छैटौं बागमती गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। गतसाता हेर्दौंडामा भएको छैटौं मकवानपुर गोल्डकपमा एनआरटी उपविजेता बनेको थियो। प्रतियोगिताको बिहीबार भएको पहिलो क्वार्टरफाइनलमा एनआरटीले जनजागृतिलाई १-० ले निराश पार्दै अन्तिम चारको स्थान पक्का गरेको हो। एनआरटीको जितमा मोहित गुरुङले एक मात्र गोल ३१औं मिनेटमा फ्रिकिकबाट गरेका थिए।

खेलमा उनले नै म्यान अफ दि म्याच घोषित हुँदै १० हजार रुपैयाँ जिते। प्रतिस्पर्धामा दुवै टोलीबाट गोलका लागि प्रयास भएका थिए। जनजागृतिले मध्यान्तरपछि खेलमा सुधार गरेको थियो। यद्यपि बराबरी गोल फर्काउन सकेन। खेलको ७१औं मिनेटमा जनजागृतिका सेरव तामाङले गोलरक्षक प्रिसोविरुद्ध वान भर्सेस वानको अवस्थामा समेत गोल गर्न चुके। खेलको ८४औं मिनेटमा जनजागृतिले सहज गोल अवसर खेर फाल्यो।

फाइनल प्रवेशका लागि अब एनआरटीले जावलाखेल युथ र मच्छिन्द्र फुटबल क्लबबीचको विजेतासँग खेल्नेछ। प्रतियोगिताअन्तर्गत शुक्रबार दोस्रो क्वार्टरफाइनल एपिएफ क्लब र चर्च ब्वाइज युनाइटेडबीच हुनेछ। विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एक लाख रुपैयाँ र अन्य विधागत उत्कृष्टले जनही २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

कर्मचारी आवश्यकता

यस संस्थालाई तपशिल अनुसार कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिबाट आवेदन दिनुहुन अनुरोध गरिन्छ।

तपशिल

१. **पद संख्या :** १ जना
२. **तह :** प्रबन्धक
३. **शैक्षिक योग्यता :** व्यवस्थापन संकायमा स्नातक गरी सम्बन्धित क्षेत्रमा ५ वर्षको अनुभव कम्प्युटरमा दक्ष, स्थानीयलाई विशेष ग्राहयता दिइनेछ
४. **उमेर :** २१-४५ वर्ष
५. **परीक्षाको किसिम :** लिखित, प्रयोगात्मक र अन्तरवार्ता
६. **सेवा सुविधा :** संस्थाको नियम अनुसार
७. **परीक्षा दस्तुर :** रु. ५००/- (पाँच सय)
८. **आवेदन दिने अन्तिम मिति :** २०८०/११/०४ देखि २०८०/११/२० सम्म
९. **आवश्यक कागजात :** शैक्षिक योग्यता, नागरिकता तथा अनुभवको प्रतिलिपी
१०. **थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला।**

श्री नवकोटेश्वर बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं-३२, कोटेश्वर, फोन : ०१-४६१२०५६

मधेशले सुदूरपश्चिमलाई ११ रनले हरायो

कास्की/ मधेशले मनमोहन मेमोरियल कप यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित हात पारेको छ। पोखरा रंगशालास्थित क्रिकेट मैदानमा बिहीबार भएको पहिलो खेलमा मधेशले सुदूरपश्चिमलाई ११ रनले पराजित गर्‍यो। यसअघि मधेशले लुम्बिनीलाई १२ रनले पराजित गरेको थियो। लुम्बिनीले आयोजक मनमोहन मेमोरियललाई ८५ रनले पाखा लगायो। पहिलो ब्याटिङ गरेको मधेशले २५ ओभरमा आठ विकेट गुमाएर एक सय ३५ रनको योगफल बनायो। सुदूरपश्चिमले २४.४ ओभरमा सबै विकेट गुमाएर एक सय २४ रन बनायो। मधेश ओपनर राहुल अन्सारीले सर्वाधिक ४९ रनको योगदान दिए। उनले ५८ बलमा तीन चौका र एक छक्का प्रहार गरे।

दोस्रो खेलमा पहिले ब्याटिङ गरेको लुम्बिनीले २४ ओभरमा सबै विकेट गुमाएर एक सय ५१ रन जोडेको थियो। मनमोहनले १३.४ ओभरमा १० विकेटको क्षतिमा ६६ रन मात्र बनायो। लुम्बिनीका म्यान आफ दि म्याचसमेत रहेका ओपनर रौनक श्रीवास्तवले ३० बलमा तीन चौका र दुई छक्का सहित ३४ रन बनाए।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय भक्तपुरको

अत्यन्त जरुरी सूचना

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लेखित करदाताहरु छानविन तथा अनुसन्धानका लागि छनोट भएकोमा करदाता दर्ता हुँदाको अवस्थामा उपलब्ध गराएको ठेगाना तथा अभिलेखमा उल्लेखित टेलिफोन/मोबाईल नम्बरमा सम्पर्क स्थापित गर्ने प्रयास गरिएकोमा सम्पर्क हुन नसकेकोले छानविन तथा अनुसन्धानको लागि तपसिलमा उल्लेखित आ.व. हरुको कारोबारसंग सम्बन्धित सम्पूर्ण खाता, बहि, बिल बिजक लगायतका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा उपस्थित हुन आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ८३ (१) तथा मु.अ.कर ऐन, २०५२ को (संशोधन सहित) को दफा २३ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस सूचनामा तोकिएको म्याद भित्र माथि उल्लेखित कगजातहरू सहित उपस्थित हुनुहोला अन्यथा आयकर ऐन, २०५८ (संशोधन सहित) र मु.अ.कर ऐन, २०५२ (संशोधन सहित) बमोजिम कर निर्धारण भई जाने व्यहोरा समेत जानकारी गराईन्छ।

सूचना प्रकाशन मिति : २०८०/११/०४

सि.न.	फर्मको नाम, लि.प्रा/	स्था.न.ले.	आ.व.	संचालक/ प्रोपाईटर
१.	गुरु गणेश निर्माण एण्ड सप्लायर्स	602117043	2073.74 र 2074.75	वीरेन्द्र बहादुर कार्की
२.	आर.एल.सि.एल सप्लायर्स	606822745	2074.75	म. अरिफ मिया
३.	आर.के.एम. ट्रेडिङ्ग प्रा.लि.	606828174	2074.75	महमद जवि उल्लाह
४.	मन्जरी निर्माण सेवा	500118542	2074.75	शिवजी गिरी

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड
NALGAD HYDROPOWER CPMPANY LIMITED

मध्यबानेश्वर, काठमाडौं

ठेक्का किन नतोड्ने ? सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/११/०४

यस कम्पनी अन्तर्गत तपसिलमा उल्लेखित निर्माण कार्यको सम्झौताको तोकिएको म्याद भित्र म्याद थपको लागि रीतपूर्वक निवेदन पेश नगरेको / पछिल्लो म्याद थप पश्चात निर्माण व्यवसायीबाट आफ्नो पूर्व प्रतिवद्धता बमोजिम कुनै पनि कार्य नभएको, Revised Work Schedule बमोजिम कुनै पनि कार्य प्रगति हासिल नगरेको र यस अधि पटक पटक मौखिक तथा लिखित पत्राचार गरी ताकेता गर्दा समेत लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्ने सन्दर्भमा कुनै अग्रसरता नदेखाएकोले ठेक्का सम्झौताका शर्तहरू, नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड, खरिद विनियमावली, २०७७ (पहिलो संशोधन सहित) र सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम ठेक्का किन नतोड्ने ? ठेक्का नतोड्नु पर्ने कुनै मनासिव कारण भएमा यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र विश्वसनिय स्पष्टीकरण र अविलम्ब निर्माण सम्पन्न गर्ने यथेष्ट कार्ययोजना सहित यस कार्यालयमा आधिकारीक प्रतिनिधी स्वयं उपस्थित हुन सुचित गरिन्छ। अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका शर्तहरू, नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड, खरिद विनियमावली, २०७७ (पहिलो संशोधन सहित) र सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम ठेक्का सम्झौता रद्द गरी तत्पश्चात गरिने सम्पूर्ण कानूनी कारवाहीको प्रकृया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क्र.स.	ठेक्का नं.	निर्माण व्यवसायीको नाम, ठेगाना	कार्यको विवरण
1	01/NHPDC/ works 071-72	Lama- Khadka Krishna- Galwa JV	Construction of Kalimati – Laikham Section Access Road and Design & Build of Nalsing Gad Bridge near Khara of Lanha VDC, Jajarkot

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृतका लागि आशयको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/११/०४)

यस कार्यालयबाट मिति २०८०/०९/१७ गते राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्काको बोलपत्र आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका बोपत्रदाताको बोलपत्र स्वीकृतको लागी छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१०) र जीतपुरसिमरा उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ६३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम	बोलपदाताको कबोल रकम (मु.अ.कर सहित
JSMC/NCB/WORKS/ 8- 2080/81	Construction Of Gabiom Wall In Kabristan And Construction Of Floor Work And Wall In Idgah, JSMC 20	Gulsan Builders Simara, Bara	2,622,682.80
JSMC/NCB/WORKS/ 9- 2080/81	Road Construction Work From Red Cross Tole To New Ward Office JSMC-20	Jasauli Nirman Sewa Birgunj - 27, Parsa	2,839,100.80
JSMC/NCB/WORKS/ 10- 2080/81	Construction Of Flexible Pavement Road In Baluwa Behara, JSMC 10	D & R Construction Simara Bara	2,744,286.00
JSMC/NCB/WORKS/ 11- 2080/81	Construction Of Culvert, Drain And Road At Malpot Marg, JSMC 3	Shankat Mochan Nirman Sewa/ Bhupendra Suppliers	4,343,613.50
JSMC/NCB/WORKS/ 12- 2080/81	Construction Of Drain From Side Of Narbahadur shrestha House JSMC 2	Gadhimai Civil Consultancy & Construction Lalparsa-2, Parsa	1,577,824.92
JSMC/NCB/WORKS/ 13- 2080/81	Construction Of Drain From Madhav Silwal House, West Of Shanker Shrestha House To Three Number River JSMC 2	Ravi Nirman Jagarnathpur 6, Prasauni, Parsa	2,571,607.20
JSMC/NCB/WORKS/ 14- 2080/81	Construction Of Road At Shrestha Hotel, Sanu Patel's House And Dharma Ghunre House South JSMC 2	Shankat Mochan Nirman Sewa/ Bhupendra Suppliers	2,313,721.20
JSMC/NCB/WORKS/ 15- 2080/81	Construction Of Culvert And Road Track From Sidhriya Tole To Manoj Danwar's Pond JSMC 6	Nabin Constructions Thori-4, Nirmalbasti	2,758,654.50
JSMC/NCB/WORKS/ 16- 2080/81	Construction Of Blacktop Road From Durga Mandir to Lockdown pull JSMC 7	Nisan Construction Simara, Bara	8,576,856.70
JSMC/NCB/WORKS/ 17- 2080/81	Construction Of Blacktop Road From Jorlahi Gopal Rimal's House to Amadar JSMC 14	D & R Construction Simara Bara	3,753,807.95
JSMC/NCB/WORKS/ 18- 2080/81	Construction Of Blacktop Road At Circumference Of Airport, Muslim Tole JSMC 4	Bablu Construction Simara, Bara	2,943,084.30
JSMC/NCB/WORKS/ 19- 2080/81	Construction Of Unfinished Ward Building Work JSMC 24	Mansoor Construction Mahjariya-06, Bara	3,304,475.80
JSMC/NCB/WORKS/ 20- 2080/81	Blacktop Road Construction Along With Drain From Narayani Rolling Mills To Chhatapipara JSMC 9	D & R Construction Simara, Bara	2,596,727.95

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com